# हाम्रो धनगढी

## आधारभूत तह (कक्षा १–८) को स्थानीय पाठ्यक्रम

२०८०

धनगढी उप–महानगरपालिका
धनगढी, कैलाली

प्रमुख संरक्षक : नगर प्रमुख श्री गोपाल हमाल

संरक्षक : नगर उपप्रमुख श्री कन्दकलाकुमारी राना

सल्लाहकार :

प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ
पूर्व रजिष्टार, प्रा.डा. हेमराज पन्त, सुदूरपश्चिम विश्वविद्यालय
सह प्राध्यापक श्री मोहनसिंह साउँद, कैलाली बहुमुखी क्याम्पस, कैलाली
माध्यमिक शिक्षक श्री कृपाराम उपाध्याय, धनगढी उप-महानगरपालीका
पूर्व प्रधानाध्यापक श्री यादवप्रसाद जोशी, पञ्चोदय मा.वि., हसनपुर
पूर्व प्रधानाध्यापक श्री पदमसिंह कुँवर, पञ्चोदय मा.वि., हसनपुर
पूर्व तालिम संयोजक श्री मदनकुमार जोशी, शैक्षिक तालिम केन्द्र, कञ्चनपुर

लेखन तथा सम्पादन :

उपसचिव श्री नरेन्द्रबहादुर खाती, शिक्षा, युवा तथा खेलकुद महाशाखा
विव्यस अध्यक्ष श्री हरि रेग्मी, सिडलिङ जोन मन्टेश्वरी स्कुल, उत्तरबेहडी
प्रधानाध्यापक श्री हरिशकुमार ओझा, पञ्चोदय मा.वि., हसनपुर
प्रधानाध्यापक श्री गणेशराज भट्ट, राष्ट्रिय तुलसीराम मा.वि., उत्तरबेहडी
शिक्षक श्री गंगाराम ओझा, पञ्चोदय मा.वि., हसनपुर
प्रधानाध्यापक श्री पदमबहादुर साउँद, मयूर बोर्डिङ स्कुल, मिलनचोक
शिक्षा अधिकृत श्री अम्बादत्त भट्ट, युवा तथा खेलकुद शाखा

भाषा सम्पादन : प्रधानाध्यापक श्री जीतबहादुर चौधरी, सर्वोदय मा.वि., फूलवारी

प्रकाशक : धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश नेपाल

सर्वाधिकार © : धनगढी उप-महानगरपालिका, कैलाली

प्रकाशन : २०८० बैशाख

यस पाठ्यक्रमसम्बन्धी सम्पूर्ण अधिकार धनगढी उप-महानगरपालिकामा निहित छ । लिखित स्वीकृतिबिना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# मन्तव्य

भविष्यका राष्ट्र निर्माता र भविष्यका कर्णधार उत्पादन गर्ने साधन भनेको शिक्षा हो । शिक्षाले नै बालबालिका देखि वृद्ध सम्मको चरित्र निर्माण गर्ने कार्य गर्दछ । देशमा अहिले हामी शैक्षिक संक्रमणकाल तीरको अवस्थामा छौं । देशले संघीयता पाए संगै सबै क्षेत्रमा विकेन्द्रीकरण गर्ने अभ्यास अनुरुप विद्यालयस्तर कक्षा १ देखि ८ सम्मको स्थानीय पाठयक्रम, पाठयपुस्तक र त्यस सम्बन्धी शैक्षणिक क्रियाकलाप निर्माण गर्ने र लागू गर्ने गराउने अधिकार स्थानीय निकायमा प्रत्यायोजित गरेको छ । सोही  अनुरुप यस धनगढी उप-महानगरपालिकाले पनि कक्षा १ देखि ८ सम्मको स्थानीय पाठयक्रम निर्माण गरेको छ ।

विद्यालयस्तरका बालबालिकाहरू वर्तमान अवस्थामा गलत संगत, नराम्रो लत, दुर्व्यसन, मोबाइलको गलत प्रयोग, सामाजिक संजालको दुरूपयोगमा नराम्ररी फस्दै गइरहेको बेला हामीले स्थानीय पाठयक्रममार्फत अनुशासन, दुर्व्यसन मुक्त समाज र नैतिकतामा जोडिएर वातावरणीय सुरक्षामा र फोहरमैला व्यवस्थापनामा बालबालिकालाई सही बाटोमा डोऱ्याउन प्रयास गर्ने मूल उद्देश्य राखेका छौं ।

यो स्थानीय पाठयक्रम निर्माणकाक्रममा मस्यौदा निर्माण गर्ने, मस्यौदा माथि आफ्नो गहन सुझाव दिने विशेषज्ञज्यूहरु, पाठयक्रम निर्माण समिति, नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकूद महाशाखाका कर्मचारीहरू र यो पाठयक्रम प्रकाशन गर्न मद्दत गर्ने सम्पूर्ण उप-महानगरपालिकाका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । साथै धनगढी उपमहानगरपालिकाका उप-प्रमुखज्यु, कार्यपालिका सदस्यज्युहरू, नगर सभाका सदस्यज्युहरू प्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

स्थानीय पाठ्यक्रम निर्माणको क्षेत्रमा धनगढी उपमहानगरपालिकाको यो प्रथम अभ्यास हो । आगामी दिनमा यसमा संसोधन, व्याख्या, फेरबदल र समय सापेक्ष विषयवस्तुको परिवर्तन गरिनेछ । यस कार्यका लागि शैक्षिक जगतका विद्वान मित्रहरू र अन्य महानुभावहरूसंग हामीले सहयोग र सुझावको आशा राखेका छौं ।

यस पाठयक्रमले आफ्नो उद्देश्य पूरा गरोस र नयाँ वर्षको उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

गोपाल हमाल
नगर प्रमुख

# विषय सूची


**१. स्थानीय पाठ्यक्रमको परिचय..........१**

**२. निर्माण प्रक्रिया र कार्यान्वयन योजना..........२**

**३. पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन..........२**

**४. भाषाको माध्यम..........३**

**५. स्थानीय पाठ्यक्रम कक्षा १-८ का तहगत सक्षमताहरू..........४**

५.१ स्थानीय पाठ्यक्रम कक्षा १-३ का तहगत सक्षमताहरू..........४

५.२ स्थानीय पाठ्यक्रम कक्षा ४-५ का तहगत सक्षमताहरू..........४

५.३ स्थानीय पाठ्यक्रम कक्षा ६-८ का तहगत सक्षमताहरू..........५

**६. कक्षागत सिकाइ उपलब्धि..........६**

६.१ कक्षागत सिकाइ उपलब्धि : कक्षा १-३..........६

६.२ कक्षागत सिकाइ उपलब्धि : कक्षा ४-५..........९

६.३ कक्षागत सिकाइ उपलब्धि : कक्षा ६-८..........१४

**७. विषयवस्तुको विस्तृतीकरण..........१९**

७.१ विषयवस्तुको विस्तृतीकरण : कक्षा १..........१९

७.२ विषयवस्तुको विस्तृतीकरण : कक्षा २..........२८

७.३ विषयवस्तुको विस्तृतीकरण : कक्षा ३..........३९

**८. विषयवस्तुको क्षेत्र र क्रम : कक्षा ४-५..........५७**

८.१ विषयवस्तुको विस्तृतीकरण : कक्षा ४..........६०

८.२ विषयवस्तुको विस्तृतीकरण : कक्षा ५..........७०

**९. विषयवस्तुको विस्तृतीकरण..........८२**

९.१ विषयवस्तुको विस्तृतीकरण : कक्षा ६..........८२

९.२ विषयवस्तुको विस्तृतीकरण : कक्षा ७..........९४

**१०. सिकाइ सहजीकरण प्रक्रिया..........१०९**

**११. सम्भावित शिक्षण विधिहरू..........११०**

**१२. विद्यार्थी मूल्याङ्कन प्रक्रिया..........११२**

## १.  स्थानीय पाठ्यक्रमको परिचय

बालबालिकाहरू आफ्नो वरिपरिको सामाजिक, भौतिक, सांस्कृतिकलगायतका अवस्थासँग परिचित भएमा, सिकाइलाई दैनिक जीवनसापेक्ष बनाउन र समाजसँग जोड्न सकेमा उनीहरूलाई वातावरणसँग अन्तरक्रिया गरी समायोजित हुन सहज हुन्छ । विगतका अनुभवबाट सिक्न, वर्तमान अवसरको खोजमा संलग्न हुन र भविष्यप्रति सचेत रहन एवम् आफू र आफू रहेको वातावरणको सरसफाइ, संरक्षण र सम्वर्धनमा सरिक भई शारीरिक सबलताका लागि स्वच्छ र तन्दुरुस्त रहने जीवनशैली अवलम्बन गरी, सिर्जना र कलाको माध्यमबाट सकारात्मक र असल एवम् समाजोपयोगी नागरिकका रूपमा तयार रहन सहयोग पुगोस् भनी हाम्रो स्थानीय विषयक्षेत्रको स्थानीय पाठ्यक्रम "हाम्रो धनगढी." विकास गरिएको छ ।

आधारभूत तह (कक्षा १-८) को हाम्रो स्थानीय विषयक्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रुचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच विकास गर्ने, सरसफाइ र संरक्षण एवम् स्वास्थ्यप्रति सचेत हुने, कला र सङ्गीतप्रति रुचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । यस पाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाइलाई जोड दिँदै विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजउन्मुख बनाई दैनिक समस्या समाधानका सीप विकासमा सहयोग गर्ने लक्ष्य लिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को संरचना अनुसार आधारभूत तह (कक्षा १-८) मा हाम्रो स्थानीय विषयको पाठ्यक्रम तर्जुमा गरिएको छ । यस विषयक्षेत्रको पाठ्यक्रममा मूलतः सामाजिक अध्ययन, चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य सरसफाइ, पोषण तथा शारीरिक र सिर्जनात्मक कला जस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई समावेश गरिएको छ । यी कक्षामा स्थानीय सामाजिक क्षेत्रअन्तर्गत रहेका आफू र आफ्नो परिवार तथा छरछिमेक, परम्परा, सामाजिक मूल्य र मान्यता, नागरिक चेतना, भूगोल, इतिहास र आर्थिक क्रियाकलाप लगायतका विषयवस्तु समावेश गरिएको छ । आफ्नो परिचित सेरोफेरोको अध्ययनले बालबालिकालाई आफूले आफैलाई चिन्ने र परिवार र छरछिमेकहरूमा घुलमिल हुने, संस्कृति तथा परम्परादेखि स्थापित सामाजिक चालचलन, नियम आदिसँग परिचित हुने, असल नागरिकमा हुनुपर्ने मानवीय गुण, अधिकार र कर्तव्यको पहिचान गरी सामाजिकीकरणमा जोड दिने, बालबालिकाहरूलाई आफू रहेको ठाउँ, क्षेत्र आदिको भौगोलिक स्वरूपका परिचित गराउने, आफू र आफ्नो परिवार, समुदायका विगतका सम्बन्धमा खोजीनीति गर्न प्रेरित गर्ने र उनीहरूलाई मितव्ययी भई परिवार तथा स्थानीय समुदायका आर्थिक क्रियाकलापका बारेमा जानकारी लिन प्रेरित गर्ने अपेक्षा गरिएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि असल र दक्ष नागरिक तयार गर्न बालबालिकाहरूमा सानै उमेरदेखि सूचना तथा प्रविधि र वातावरणसँग परिचित गराइ उनीहरूमा वैज्ञानिक सोच, चिन्तन र अभिवृत्तिप्रति सकारात्मक भावनाको विकास गर्न विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि नै प्रविधि तथा वातावरणका विषयवस्तु समावेश गरिएको छ । बालबालिकाहरूमा कलाप्रति अनुराग बढाउन र मौलिक तथा सिर्जनात्मक प्रतिभा विकास गर्न कला क्षेत्रका विभिन्न विषयवस्तुहरू समावेश गरिएको छ ।

## २. निर्माण प्रक्रिया र कार्यान्वयन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सरल रेखीय पद्धतिका रूपमा नभई अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ । पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरूसमेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेअनुसारको विद्यालय तहको पाठ्यक्रम संरचनामा आधारित भई तयार गरिएको यो पाठ्यक्रम कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकका लागि आवश्यक पर्ने पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक, अभ्यासपुस्तिका, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीहरू विकास गरी तिनको परीक्षण तथा सुधार गर्नु आवश्यक छ भने अर्कातिर नयाँ विषवस्तु र सिकाइ प्रक्रियामा निपुर्ण हुने गरी शिक्षकको विकास र छनोट गर्नु पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनिवार्य छ । यसले विद्यमान शिक्षक तयारी र शिक्षक पेसागत विकास कार्यक्रममा परिमार्जन आवश्यक देखाएको छ । त्यसै गरी पाठ्यक्रमको नयाँ ढाँचाअनुसारको शिक्षण सिकाइ कार्य सञ्चालन गरी विद्यार्थीमा अपेक्षित सक्षमता हासिल गराउनका लागि शिक्षण सिकाइ विधि तथा प्रक्रियामा सुधार गरी क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाइनु आवश्यक छ भने विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइका रूपमा र सिकाइका लागि उपयोग गर्नुपर्ने हुन्छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेको पाठ्यक्रम संरचना तथा आधारअनुसार निर्माण गरिएको कक्षा १-८ को यो पाठ्यक्रमको कार्यान्वयनको तालिका यहाँ प्रस्तुत गरिएको छ ।

| कक्षा | शैक्षिक वर्ष २०८० | शैक्षिक वर्ष २०८१ |
|---|---|---|
| १-८ | परीक्षणको रुपमा कार्यान्वयन | पूर्णरुपमा कार्यान्वयन |

## ३. पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले मार्गदर्शन गरे अनुसार धनगढी उप–महानगरपालिकाले यो पाठ्यक्रमको विकास र परिमार्जन गरेको छ । यो पाठ्यक्रमको विकास तथा निर्माण गर्दा पहिलो चरणमा नगर शिक्षा समितिबाट सात सदस्सीय मस्यौदा स्थानीय पाठयक्रम निर्माण तथा सहजिकरण समिति गठन गरी उक्त समितिबाट प्रारम्भिक मस्यौदा तयार गरिएको हो । उक्त समितिको मस्यौदा उपर नगर शिक्षा समिति, सामाजिक विकास समितिमा छलफल भई समितिको राय बमोजिम स्थानीय विज्ञहरूबाट समेत राय सल्लाह सुझाव प्राप्त गरी अन्तिकिकरण गरिएको हो । यसरी सुरू देखि अन्तिकिकरण हुँदा सम्म यस पाठ्यक्रम निर्माण प्रक्रियामा महिला, आदिवासी/जनजाति समूह, दलित, अपाङ्गता भएका, सीमान्तकृत समूहका व्यक्तिहरू, अभिभावक, शिक्षक तथा स्थानीय विशेषज्ञहरूसमेतको सहभागिता रहेको छ ।

धनगढी उप-महानगरपालिका अन्तर्गतका विद्यालयमा कक्षा १ देखि ८ सम्म शैक्षिक सत्र २०८० देखि लागू गर्नका लागि यो स्थानीय पाठ्यक्रम हाम्रो धनगढी नगर कार्यपालिकाबाट २०७९।११।३० गतेका दिन स्वीकृत भएको हो । यो पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि धनगढी उप-महानगरपालिका अन्तर्गतका विद्यालयमा परीक्षणको रूपमा लागू गरिनेछ । शैक्षिक सत्र २०८० को परीक्षण कार्यक्रम पश्चात थप सुधार गर्नन‍ु पर्ने देखिएमा सुधार सहित शैक्षिक सत्र २०८१ देखि पूर्ण रूपमा कार्यान्वयनमा ल्याईनेछ । पाठ्यक्रमको अद्यावधिक परिमार्जन तथा सुधार गर्ने कार्य निम्नानुसार गरिने छ :

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्देश गरेअनुसार स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास गरिने छ ।
- आवश्यकतानुसार स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई प्रत्येक वर्ष अद्यावधिक गरिने छ ।
- सामान्यतया प्रत्येक पाँच वर्षमा समसामयिक परिमार्जन गरिने छ ।
- सामान्यतया प्रत्येक दश वर्षमा पुनरावलोकन गरी समयानुकूल परिवर्तन गरिने छ ।

## ४. भाषाको माध्यम

धनगढी उप-महानगरपालिका सुदूरपश्चिम प्रदेशको एकमात्र उप-महानगरपालिका हो । यहाँ बहुसांस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले विभिन्न जातजाति र सांस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । यस उप-महानगरपालिकामा प्रायःजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा सांस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू छन् । यहाँका विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ ।

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरेमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यस्तै भाषाको समस्याले गर्दा शिक्षणका क्रममा दिइने ज्ञान, सीप उनीहरूले सहज रूपमा प्राप्त गर्न नसक्नुका साथै उनीहरूमा सिकाइप्रति वितृष्णा सिर्जना भई कक्षा छाड्ने, विद्यालय आउन नमान्ने जस्ता समस्या सिर्जना हुन गई अन्ततः नियमित रूपमा विद्यालयमा पढाइमा संलग्न हुन नसक्ने समस्या सिर्जना हुन जान्छ । बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्न सकिएमा सिकाइ प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जानुका साथै अन्य भाषाको सिकाइमा पनि मातृभाषाको सिकाइले सकारात्मक प्रभाव पार्छ । यसरी प्रारम्भिक तहका विद्यार्थीले आफ्नो पहिलो भाषामा पढ्न पाएमा सिकाइ सहज हुनाका साथै पहिलो भाषामा आधारभूत दक्षता हासिल नगरेसम्म अपरिचित भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा प्रयोग गर्न उपयुक्त मानिँदैन । बालबालिकाले घरपरिवार तथा समुदायमा प्रयोग गर्ने भाषामा शिक्षण गर्दा कक्षामा बढीभन्दा बढी अन्तरक्रिया हुन गई सिकाइ सजिलो र छिटो हुनाका साथै अन्य भाषाको सिकाइमा पनि पहिलो भाषाको सीप सङ्क्रमण सहज

हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा समुदायमा बोलिने भाषाबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न र द्वि वा बहुभाषी बालबालिका भएका कक्षामा सिकाइ सहजीकरणका लागि द्विभाषा वा बहुभाषाको प्रयोग हुन सक्ने वातावरण तयार गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुने छ । यसै कुरालाई मध्यनजर गरी यस धनगढी उप-महानगरपालिकामा स्थानीय परिवेशमा आधारित रही विद्यालयको भाषिक वातावरण अनुकूल हुने गरी यो स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको छ । यस पाठ्यक्रमलाई आवश्यकता र औचित्यका आधारमा यसलाई अन्य भाषामा समेत सहजीकरण गर्न सकिनेछ ।

## ५. स्थानीय पाठ्यक्रम कक्षा १-८ का तहगत सक्षमताहरू

१. आधारभूत मातृभाषिक तथा सञ्चार सीपको विकास र प्रयोग ।
२. आधारभूत पारस्पारिक सद्भाव समन्वय र सहकार्य गर्ने सीपको विकास र प्रयोग ।
३. अनुशासन, सदाचार र स्वावलम्बनजस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास ।
४. स्थानीय भूगोल,विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास ।
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सीप (Life skills) को विकास ।
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास ।
७. आफ्नो स्थानीय परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, क्षेत्रप्रति सम्मान र समभावको विकास ।

## ५.१ स्थानीय पाठ्यक्रम कक्षा १-३ का तहगत सक्षमताहरू

१. आधारभूत पारिवारिक आचरणको विकास र प्रयोग ।
२. स्थानीय भौगोलिक सामाजिक सांस्कृतिक पक्षहरूको सामान्य चिनारी र पहिचान ।
३. स्वस्थकर व्यवहार र आचरणको विकास र अवलम्बन ।
४. आधारभूत सिर्जनात्मक सीपको विकास र प्रयोग ।
५. पारस्पारिक सहयोग समन्वय र सहकार्यको संस्कृतिको विकास र अनुसरण ।

## ५.२ स्थानीय पाठयक्रम कक्षा ४-५ का तहगत सक्षमताहरू

१. धनगढीको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्था पहिचान ।
२. स्थानीय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्व बोध ।
३. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सीपको अभ्यास ।
४. स्वास्थ्य, सरसफाइ, व्यायाम र प्राणायाम अभ्यास ।
५. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान तथा हरित विद्यालयको अवधारणासँग परिचित र निर्माणमा सहभागिता ।
६. जीवनोपयोगी सीप र मानव मूल्यका क्रियाकलापको परिचय र महत्व बोध एवम् अभ्यास ।
७. स्थानीय सामाजिक संस्थाहरू र ख्यातिप्राप्त व्यक्तिको सामान्य चिनारी ।

## ५.३ स्थानीय पाठयक्रम कक्षा ६ –८ का तहगत सक्षमताहरू

१. धनगढी उप-महानगरपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र इतिहासको जानकारी ।
२. उप-महानगरपालिकाको गठन, सेवा प्रवाह र नगरका गौरव आयोजनाहरूको पहिचान ।
३. उप-महानगरभित्रको रीतिरिवाज, संस्कार र संस्कृतिको खोजी, पहिचान र संरक्षण ।
४. स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरूको खोज, पहिचान र संरक्षणमा तत्परता ।
५. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिको परिचय, महत्व, सम्भावना र सीपको अभ्यास ।
६. सिकलसेल लगायत सङ्क्रामक रोगप्रति सजग र सचेतना प्रवाह ।
७. स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणा बोध र व्यवस्थापनमा सहयोग ।

## ६. कक्षागत सिकाइ उपलब्धि

### ६.१ कक्षागत सिकाइ उपलब्धि : कक्षा १–३

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १. आफ्नो पारिवारिक पृष्ठभूमि बताउन । | १. आफ्नो समुदायको सामान्य परिचय बताउन । | १. धनगढीको सामान्य परिचय बताउन । |
| २. आफ्नो मातृभाषा बोल्न । | २. स्थानीय ठाउँमा बोलिने विभिन्न भाषाहरूको सूची बनाउन । | २. स्थानीय मातृभाषामा कुराकानी गर्न । |
| ३. पारिवारिक रहनसहन र संस्कार बताउन । | ३. स्थानीय मातृभाषाका केही शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन । | ३. स्थानीय क्षेत्रको रहनसहन र संस्कारको परिचय दिन । |
| ४. परिवारमा मनाइने चाडपर्वहरूको नाम भन्न । | ४. आफ्नो जाति र समुदायको रहनसहन र संस्कारको परिचय दिन । | ४. स्थानीयस्तरमा मनाइने धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको परिचय दिन । |
| ५. आफ्नो गाउँघर र छिमेकी गाउँमा भएका ऐतिहासिक र धार्मिक स्थलहरूका नाम बताउन । | ५. स्थानीय चाडपर्वहरू, मेला, जात्रा आदिको परिचय दिन । | ५. स्थानीय चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलापहरू बताउन । |
| ६. गाउँटोलका सामाजिक सङ्घ संस्थाहरूको नाम भन्न । | ६. आफ्नो वडा र समुदायमा रहेका सांस्कृतिक सम्पदाहरूको नाम भन्न । | ६. स्थानीय क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरूको परिचय दिन । |
| ७. घरका हजुरबुबा, हजुरआमा, बुबाआमालाई आदर सत्कार गर्न । | ७. वडा स्तरका सामाजिक सङ्घ संस्थाहरूको नाम भन्न । | ७. स्थानीय तहका सङ्घ संस्थाहरूको नाम बताउन । |
| ८. आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन । | ८. छरछिमेकका नातागोता, गुरू मान्यजनलाई आदर, सत्कार, शिष्टाचार र सहयोग गर्न । | ८. समुदायमा मिलेर बस्न । |
| ९. आफ्नो घर तथा विद्यालय वरिपरिको जमिनको स्वरुप बताउन । | ९. आफ्नो वडाको अवस्थिति र सिमाना बताउन । | ९. धनगढी उप-महानगरपालिकाको अवस्थिति र सिमाना बताउन । |
| १०. आफ्नो गाउँको बाटो,सडक, कुलो, नदी, ताल र स्थानीय वन बताउन । | १०. आफ्नो टोल समुदाय र त्यस वरिपरिको | १०. उप-महानगरपालिकाको भौगोलिक स्वरुप बताउन र रेखाङ्कन गर्न । |
| ११. स्थानीय क्षेत्रको हावापानी र मौसम भन्न । | | ११. आफ्नो उप-महानगरपालिकाभित्र रहेको |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| १२. वातावरणका मुख्य तत्वहरू भन्न ।<br>१३. स्थानीय गाउँघरका  नदी र तालका नाम भन्न ।<br>१४. आफ्नो गाउँ र विद्यालय वरपर रहेका बोटविरुवाहरूको पहिचान गर्न ।<br>१५. आफ्नो गाउँ र विद्यालय वरपर पाइने पशुपंक्षीहरूको नाम बताउन ।<br>१६. फूलवारी तथा बोटविरुवाको हेरचाह गर्न ।<br>१७. घरपरिवारका परम्परागत मौलिक कला झल्किने सामग्री पहिचान गर्न ।<br>१८. माटोबाट निर्माण गरिने वस्तुहरूको नाम भन्न र विभिन्न आकृतिहरू बनाउन ।<br>१९. आफूले सुनेको स्थानीय गीत गाउन ।<br>२०. एकल र सामूहिक नृत्य गर्न ।<br>२१. स्थानीय बाजाहरूको नाम बताउन ।<br>२२. परम्परागत स्थानीय खेलहरूको नाम भन्न र लेख्न ।<br>२३. सिकाइमा प्रयोग हुने विद्युतीय उपकरणहरूको नाम बताउन ।<br>२४. मोबाइलको परिचय दिन<br>२५. घरपरिवारका सदस्यले गर्ने काम बताउन ।<br>२६. घरमा आम्दानी हुने क्रियाकलाप बताउन । | भौगोलिक स्वरुप बताउन र रेखाङ्कन गर्न ।<br>११. आफ्नो वडाभित्र रहेको गाउँ, ताल, मैदान, खोला, सड़क चिन्न र नाम भन्न ।<br>१२. स्थानीय क्षेत्रको हावापानी र मौसम भन्न र लेख्न ।<br>१३. वातावरणका  तत्वहरूको सूची बनाउन<br>१४. स्थानीय नदी र तालको  सूची बनाउन ।<br>१५. नदी र तालको फाइदा बताउन ।<br>१६. गाउँ तथा नजिकको जङ्गलमा रहेका प्रमुख बोटविरुवाहरूको सूची बनाउन ।<br>१७. स्थानीय जडीबुटीहरू को पहिचान गर्न ।<br>१८. स्थानीय वनजङ्गलमा पाइने पशुपन्छीहरूको पहिचान गर्न ।<br>१९. वनजङ्गलका फाइदा भन्न र लेख्न ।<br>२०. फूलवारी तथा करेसाबारीको हेरचाह गर्न ।<br>२१. घरपरिवार तथा छरछिमेकका परम्परागत मौलिक कला झल्किने सामग्रीहरूको परिचय दिन ।<br>२२. माटोबाट विभिन्न सामग्रीहरू बनाउन ।<br>२३. स्थानीय सामग्रीको प्रयोग गरी खेलौना निर्माण गर्ने अभ्यास गर्न ।<br>२४. आफूले जानेका स्थानीय गीतहरू गाउन । | गाउँ, ताल, मैदान, खोला, सड़क चिन्न र नाम भन्न ।<br>१२. गाउँदेखि जिल्ला सदरमुकामसम्मको सडक र दूरी बताउन ।<br>१३. स्थानीय क्षेत्रको हावापानी र मौसमको विवरण दिन ।<br>१४. वातावरणका तत्वहरूको परिचय दिन ।<br>१५. स्थानीय नदी, ताल र पानीका अन्य स्रोतहरूको उपयोग बताउन ।<br>१६. जखोर तालको सामान्य परिचय दिन ।<br>१७. स्थानीय बोटविरुवाहरूको सूची बनाई वर्गीकरण गर्न ।<br>१८. सामुदायिक वनका फाइदा तथा महत्व भन्न ।<br>१९. जडीबुटीहरूको उपयोग र महत्वको सूची बनाउन ।<br>२०. स्थानीय वन्यजन्तुको महत्व बताउन ।<br>२१. स्थानीय प्राकृतिक सम्पदाहरूको संरक्षणका उपायहरू बताउन र संरक्षणमा सहभागिता जनाउन ।<br>२२. विद्यालयमा बाल बगैंचाको निर्माण र संरक्षण गर्न । |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
| --- | --- | --- |
| २७. घरको दैनिक कामकाज र खानपानका लागि खरिद बिक्री गरिने वस्तुहरूको नाम भन्न ।<br>२८. खेतीपातीसँग सम्बन्धित कियाकलाप भन्न ।<br>२९. स्थानीय पर्यटकीय स्थलहरूको नाम बताउन । | २५. स्थानीय गीतमा नृत्य गर्न ।<br>२६. स्थानीय बाजाहरू बजाउने अभ्यास गर्न ।<br>२७. समुदायमा प्रचलित परम्परागत स्थानीय खेलहरू पहिचान गर्न र खेल्न ।<br>२८. सिकाइमा प्रयोग हुने विद्युतीय उपकरणहरूको नाम भन्न र लेख्न ।<br>२९. सिकाइमा मोबाइलको प्रयोग गर्न ।<br>३०. कम्प्युटरको सामान्य परिचय दिन ।<br>३१. छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने काम बताउन ।<br>३२. छरछिमेक तथा गाउँघरका आयआर्जनका क्रियाकलाप बताउन ।<br>३३. गाउँघरमा उत्पादन हुने वस्तुहरू, तिनको प्रयोग र बिक्री वितरणको स्थिति बताउन ।<br>३४. कृषि पेसासँग सम्बन्धित क्रियाकलापहरूको पहिचान गर्न र सूची बनाउन ।<br>३५. समुदायस्तरमा सञ्चालन भएका उद्योग व्यवसायको नाम भन्न ।<br>३६. स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन । | २३. परम्परागत मौलिक कला झल्किने सामग्रीहरू वर्गीकरण गर्न र प्रयोग बताउन ।<br>२४. माटोबाट विभिन्न सामग्रीहरू बनाउन र रङ भर्न ।<br>२५. खेर जाने सामग्रीको प्रयोग गरी विभिन्न उपयोगी सामग्री निर्माण गर्ने अभ्यास गर्न ।<br>२६. घरपरिवारमा खाइने विशेष परिकार पकाउने तरिका बताउन ।<br>२७. स्थानीय गीतमा ताल मिलाइ नृत्य गर्न ।<br>२८. स्थानीय बाजाहरू बजाउने अभ्यास गर्न ।<br>२९. स्थानीय खेलहरूको पहिचान, प्रदर्शन र अभ्यास गर्न ।<br>३०. सिकाइमा मोबाइल र कम्प्युटरको प्रयोग गर्न ।<br>३१. स्थानीय पेसा व्यवसायको उदाहरणसहित परिचय दिन<br>३२. स्थानीयस्तरका आर्थिक क्रियाकलाप खोजी गर्न र बताउन ।<br>३३. आफ्नो नगरपालिकामा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोग गर्न । |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| | | ३४. कृषिबाट हुने फाइदा बताउन ।<br>३५. करेसाबारीको परिचय दिन<br>३६. स्थानीयस्तरमा सञ्चालन भएका उद्योग व्यवसायको परिचय र महत्व बताउन ।<br>३७. कृषिमा आधारित उद्योगको परिचय दिन ।<br>३८. धनगढी उप-महानगरपालिकामा भएका पर्यटकीय स्थलहरूको सूची तयार गर्न ।<br>३९. स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन ।<br>४०. धार्मिक पर्यटकीय स्थलको रुपमा शिपुरीधामको महत्व बताउन । |

## ६.२ कक्षागत सिकाइ उपलब्धि : कक्षा ४–५

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. हाम्रो स्थानीय तह, जिल्ला र प्रदेश | ▪ उप-महानगरपालिकाको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल) भन्न<br>▪ उप-महानगरपालिकाभित्रका वडाहरूको सङ्ख्या, वडा कार्यालयहरूको ठेगाना भन्न<br>▪ उप-महानगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क भन्न<br>▪ उप-महानगरपालिकाकाभित्रका मुख्य बाटाघाटा पहिचान गर्न | ▪ उप-महानगरपालिकाको नामकरणको जानकारी दिन<br>▪ आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन<br>▪ उप-महानगरपालिकाभित्र वडाअनुसारको घरधुरी सङ्ख्या भन्न ।<br>▪ उप-महानगरपालिकाकाभित्रका वडाअनुसारको जनसङ्ख्या (महिला र पुरुष) भन्न |

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | ▪ उप-महानगरपालिकाका भित्र हुने आर्थिक क्रियाकलापका स्रोतहरूको सूची तयार गर्न | ▪ उप-महानगरपालिकाको आयस्रोत पहिचान गर्न |
| २. हाम्रो स्थानीय संस्कार, संस्कृति र परम्परा | ▪ आफ्ना नातेदारहरूको नाम, ठेगाना र रीतिरिवाज भन्न<br>▪ सामाजिक शिष्टाचार तथा नियमहरूको पालना गर्न<br>▪ आफूले मनाउने चाडपर्व (दशैँ, माघी, तिहार आदि) को परिचय दिन<br>▪ आफूले मनाउने चाडपर्वको महत्व भन्न<br>▪ माघी/गौरा पर्वको परिचय दिन<br>▪ समुदायमा प्रचलित लोकगीत गाउने अभ्यास गर्न<br>▪ स्थानीयस्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बजाउन<br>▪ समुदायमा प्रचलित गीतमा हाउभाउसहित लोक नृत्य गर्न<br>▪ उप-महानगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय दिन | ▪ उप-महानगरपालिकाकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व भन्न ।<br>▪ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>▪ व्रतबन्ध/पुट बह्राउ गर्ने तरिका र महत्व भन्न<br>▪ विवाह संस्कारको परिचय दिन र महत्व भन्न<br>▪ बेहडाबाबा मेलाको ऐतिहासिक महत्वको छोटो जानकारी दिन<br>▪ कृष्णअष्टमी, अँटवारी र अनत्ता व्रतको परिचय तथा महत्व भन्न<br>▪ स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउ सहित गाउन र नृत्य गर्न<br>▪ स्थानीय प्रचलित कुनै दुई लोकबाजा बजाउने अभ्यास गर्न<br>▪ उप-महानगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व भन्न |

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- |
| ३. हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | ▪ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री तथा प्रयोजन भन्न ( डोक्नी, पौवा, भौका, जाल, डोको, नाङ्लो, ढकिया आदि )<br>▪ स्थानीय परम्परागत ज्ञान सीप र प्रविधिको परिचय दिन ( ढिकी, जाँतो, ठेकी, मदानी, पानीघट्ट, आदि )<br>▪ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न<br>▪ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिकासँग परिचित हुन<br>▪ वडाभित्रका धार्मिक स्थलहरूको सामान्य परिचय दिन । | ▪ नगरभित्रका पर्यटकीय स्थलहरूको परिचय दिन जखोर ताल, बेहडाबाबा, शिवपुरी धाम, भादा होम स्टे, दशरथ भीम उद्यान आदि)<br>▪ उप-महानगरपालिकाभित्रका कृषि पकेट क्षेत्रहरूको परिचय दिन<br>▪ उप-महानगरपालिकाभित्रका व्यापारिक केन्द्रहरू र विभिन्न सामग्री खरिद गर्ने स्थलहरूको परिचय दिन<br>▪ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन तथा खेती गर्ने कार्यमा सहभागी हुन<br>▪ उप-महानगरपालिकाभित्र उत्पादन हुने नगदे बालीको परिचय दिन र प्रयोग भन्न<br>▪ हाम्रा नगरभित्रका धार्मिक स्थलहरूको संक्षिप्त परिचय दिन ।<br>▪ परम्परागत हस्तकला बनाउने सीपहरू (ढकिया, च्यौंढी, डिलिया, हेल्का आदि)को अभ्यास गर्न<br>▪ स्थानीय परम्परागत ज्ञान सीप र प्रविधिको परिचय दिन (कोल, लढ्िया आदि ) |
| ४. हाम्रो स्वास्थ्य, पोषण र सरसफाइ | ▪ स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता छुट्याउन<br>▪ स्वस्थकर खाना प्रयोग गर्ने तरिका भन्न र प्रयोग गर्न<br>▪ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका भन्न तथा अभ्यास गर्न | ▪ प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानाको सेवन गर्न<br>▪ विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान गर्न<br>▪ विद्यालयमा स्वस्थ खाजा खान |

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| | ▪ योग (सूर्य नमस्कार) अभ्यास गर्न<br>▪ स्थानीय खेलहरू( गट्टा, टिउरा आदि )को अभ्यास गर्न | ▪ योगको महत्व भन्न र योगाभ्यास (कपालभाँती, अनुलोम विलोम) गर्न<br>▪ स्थानीय खेलहरू( बाघचाल, टिपु, लुकाछिपी, टाटउव्वा आदि ) को अभ्यास गर्न |
| ५. विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | ▪ बाढीपहिरो, हावाहुरी, नदीकटान र आगलागीबाट हुने असर भन्न<br>▪ उप-महानगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय दिन तथा महत्व भन्न<br>▪ वडाको वनमा पाइने औषधिजन्य वनस्पतिको नाम भन्न<br>▪ विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>▪ वातावरण र विकासको परिचय दिन<br>▪ उप-महानगरपालिकाक्षेत्रमा भएका जलस्रोतको परिचय दिन, उपयोग भन्न र आवश्यकताअनुसार प्रयोग गर्न<br>▪ फोहोरमैलाको वर्गीकरण र यसले स्थानीयस्तरमा पारेको असर पहिचान गर्न<br>▪ वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न | ▪ बाढीपहिरो, हावाहुरी, नदीकटान र आगलागीबाट बच्ने उपाय पहिचान गर्न तथा अवलम्बन गर्न<br>▪ उप-महानगरपालिकाक्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व वर्णन गर्न<br>▪ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन<br>▪ उप-महानगरपालिकाक्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>▪ उप-महानगरपालिकाक्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरू पहिचान गर्न |
| ६. जीवनोपयोगी सीप र मानवमूल्यमा आधारित शिक्षा | ▪ समाजका असल मानिसहरूको पहिचान गर्न<br>▪ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरू पहिचान गर्न र सीप विकासको अभ्यास गर्न<br>▪ जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सीप र बानीको अभ्यास गर्न । | ▪ उप-महानगरपालिकाभित्रका असल मानिसहरूले गरेका कार्यहरू पहिचान गर्न र उक्त कार्यको अनुकरण गर्ने सीप र आचरणको विकास गर्न<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान तथा अभ्यास गर्न |

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- |
| | | ▪ आफूसँग भएका सम्भावनाको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न |
| ७. हाम्रा स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ आफ्नो विद्यालयको स्थापना गर्ने र हालको व्यक्तित्वहरू (संस्थापक अध्यक्ष, शि.अ. सङ्घ अध्यक्ष र प्र.अ.) परिचय दिन<br>▪ वडाभित्र सञ्चालित शैक्षिक संस्थाहरूको परिचय दिन<br>▪ वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सामान्य परिचय दिन र ती संस्थाहरूबाट प्राप्त हुने सेवाहरूसँग परिचित हुन तथा सेवा लिन<br>▪ शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने आफ्नो नजिकको स्थानीय व्यक्तित्वहरूको वारेमा जानकारी लिन | ▪ आफू अध्ययनरत शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वको परिचय दिन<br>▪ नगरभित्रका मुख्य सहकारी संस्थाहरूको छोटो परिचय दिन<br>▪ उप-महानगरपालिकाकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूको परिचय दिन<br>▪ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू पहिचान गर्न<br>▪ उप-महानगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूका प्रकारहरू उल्लेख गर्न |

## ६.३ कक्षागत सिकाइ उपलब्धि : कक्षा ६–८

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १. हाम्रो स्थानीय तह, जिल्ला र प्रदेश | ▪ उप-महानगरनगरपालिकाको नक्सा कोर्न र मुख्य-मुख्य स्थानहरू देखाउन<br>▪ वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरूको जानकारी प्राप्त गर्न<br>▪ वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको जानकारी लिन<br>▪ उप-महानगरपालिकाभित्र रहेका सुरक्षा निकाय र अवस्थिति थाहा पाउन साथै तिनले प्रदान गर्ने सेवा र सेवा लिने तरिका थाहा पाउन<br>▪ वडाले शिक्षा, बालबालिका तथा युवाका लागि तय गरेका कार्यक्रमबारे जानकारी हासिल गर्न | ▪ कैलाली जिल्लाको नक्सा कोर्न र आफ्नो स्थानीय तह तथा अन्य मुख्य-मुख्य स्थान, नदी, धार्मिक स्थल देखाउन<br>▪ उप-महानगरपालिकाका मुख्य आयोजनाको परिचय दिन<br>▪ उप-महानगरपालिकाका मुख्य आयोजनामध्ये आफ्नो गाउँ तथा टोलमा सञ्चालित आयोजनाको जानकारी दिन<br>▪ उप-महानगरपालिकाले शिक्षा, बालबालिका तथा युवाका लागि तय गरेका कार्यक्रमबारे जानकारी हासिल गर्न<br>▪ उप-महानगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको बारेमा बताउन ।<br>▪ नगर कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया भन्न | ▪ आफू बसेको प्रदेशको नक्सा कोर्न र आफू बसेको जिल्ला तथा आफ्नो स्थानीय तहमा पर्ने मुख्य-मुख्य स्थान, नदी, धार्मिक स्थल आदि भरेर देखाउन<br>▪ उप-महानगरपालिकाभित्र संचालित राष्ट्रिय गौरबका आयोजनाको परिचय र महत्व बताउन<br>▪ स्थानीयस्तरमा हुने अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय आर्थिक गतिविधिको जानकारी दिन<br>▪ उप-महानगरपालिकाले चालु बजेटमा तर्जुमा गरेका नीति तथा कार्यक्रमहरूको बारेमा जानकारी दिन<br>▪ नागरीक वडापत्र र धनगढी उप-महानगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहको बारेमा जानकारी दिन ।<br>▪ नगर कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया उल्लेख गर्न |

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| २. हाम्रो स्थानीय संस्कार, संस्कृति र परम्परा | ▪ उप-महानगरपालिकाभित्रका समुदायको भेषभूषा र चाडपर्वको परिचय दिन<br>▪ विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृतिको परिचय दिन<br>▪ विभिन्न समुदायले गाउने लोकगीत गाउन<br>▪ विभिन्न समुदायले बजाउने बाजाको पहिचान गर्न र बजाउन<br>▪ विभिन्न समुदायको लोकनृत्य प्रर्दशन गर्न<br>▪ विभिन्न धार्मिक स्थलहरूको परिचय दिन । | ▪ उप-महानगरपालिकाभित्रका समुदायको भेषभूषा र चाडपर्वको धार्मिक र सांस्कृतिक महत्व बताउन<br>▪ विभिन्न समुदायको रीतिरिवाज र धर्म संस्कृतिको पर्यटकीय महत्व उल्लेख गर्न<br>▪ विभिन्न समुदायले गाउने लोकगीतमा आधुनिकीकरणको प्रभावको मूल्यांकन गर्न<br>▪ विभिन्न समुदायले बजाउने बाजाको पहिचान र जीवन्त राख्न गरिएका प्रयास उजागर गर्न | ▪ उप-महानगरपालिका भित्रका समुदायको धर्म,संस्कृति, भेषभूषा र चाडपर्व आदिको संरक्षण गर्ने उपायहरू बताउन<br>▪ सामाजिकीरणको अर्थ र महत्व बताउन<br>▪ विभिन्न समुदायमा प्रचलित लोकगीत, लोक नृत्य तथा लोक बाजाको पहिचान र जीवन्त राख्न गरिएका प्रयास उजागर गर्न |
| ३. हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | ▪ होमस्टेको परिचय दिन र यसको महत्व भन्न<br>▪ कृषि र पशुपालन को परिचय दिन<br>▪ उप-महानगरपालिकाभित्रका प्रमुख पेसा र व्यवसायको चिनारी दिन<br>▪ स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न । | ▪ जखोरताल र देवहरिया वनस्पति उद्यानको पर्यटकीय महत्व बताउन ।<br>▪ स्थानीय कृषि उत्पादन विधि जान्न र व्यवहारमा उतार्न ।<br>▪ स्थानीय बीउ बिजन संरक्षण गर्ने तरिका भन्न र अवलम्बन गर्न<br>▪ स्थानीय बीउ बिजन भण्डारणका परम्परागत शैलीको पहिचान र अवलम्बन गर्न<br>▪ स्थानीय परम्परागत हस्तकलाका | ▪ नगदेबाली र अन्नबालीको महत्व बताउन ।<br>▪ स्थानीयस्तरमा फल्ने बेमौसमी तरकारी खेतीको उत्पादन विधि जान्न र व्यवहारमा उतार्न ।<br>▪ स्थानीय बीउ बिजन संरक्षण र बालीको नश्ल सुधारका स्थानीय तरिका भन्न र अवलम्बन गर्न<br>▪ आलुखेती भण्डारणका परम्परागत शैलीको पहिचान र अवलम्बन गर्न |

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| | | सामग्रीहरू निर्माण गर्न । | ▪ स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरू निर्माण गर्न । |
| ४.हाम्रो स्वास्थ्य, पोषण र सरसफाइ | ▪ सिकलसेलको परिचय दिन र लक्षण भन्न ।<br>▪ महामारीको परिचय दिन ।<br>▪ व्यक्तिगत सरसरफाइको महत्वबारे जानकारी र व्यक्तिगत सरसफाई राख्न<br>▪ स्थानीयस्तरमा खेलिने खेलहरू खेल्न | ▪ सिकलसेलको वर्तमान अवस्था पहिचान गर्न र कारण बताउन<br>▪ महामारीबाट बच्ने उपायहरू उल्लेख गर्न ।<br>▪ विद्यालयमा स्यानीटरी प्याडको प्रयोग व्यवस्थापन गर्ने सीप प्रदान गर्न<br>▪ स्थानीय स्वास्थ्य स्वयमसेविकाहरूले प्रदानगर्ने  सेवाहरूको परिचय दिन र सेवा लिन<br>▪ स्थानीय स्तरमा खेलिने खेलहरू खेल्न | ▪ वंशानुगत रोगहरूको पहिचान गर्न र कारण बताउन<br>▪ महामारीबाट बच्ने उपायहरू उल्लेख गर्न ।<br>▪ विद्यालयमा स्यानीटरी प्याड वितरण व्यवस्थापनको नीतिगत व्यवस्था बारे जानकारी दिन<br>▪ स्थानीय नगर स्वास्थ्य केन्द्रद्धारा प्रदान गरिने  सेवाहरूको परिचय दिन र सेवा लिन<br>▪ स्थानीयस्तरमा खेलिने खेलहरू खेल्न |
| ५. विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | ▪ विपद् जोखिम न्यूनीकरणको परिचय दिन<br>▪ विपद् पूर्व अपनाइने सजगताको जानकारी दिन<br>▪  नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरूको पहिचान गर्न<br>▪ वडामा भएका वन र त्यहाँ पाइने वनपैदावारको पहिचान गर्न<br>▪ घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व भन्न | ▪ स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपाय भन्न<br>▪ वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन<br>▪ उप महानगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरूको पहिचान ।<br>▪ वडाभित्रका सामुदायिक वनको परिचय, महत्व, फाइदा भन्न<br>▪ वनस्पति तथा वन्यजन्तु अपराध | ▪ स्थानीयस्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपाय भन्न<br>▪ वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयास भन्न र सहभागी हुन<br>▪ उप-महानगरस्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरूको पहिचान ।<br>▪ वडाभित्रका सामुदायिक वनको परिचय, महत्व, फाइदा भन्न<br>▪ वनस्पति तथा वन्यजन्तु अपराध |

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- |
| | ▪ हरियाली प्रवर्द्धनको परिचय, महत्व, तरिका उल्लेख गर्न<br>▪ विद्यालयमा करेसाबारीको परिचय र महत्व ।<br>▪ घर, विद्यालय र स्थानीय क्षेत्रमा हुनसक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपाय पहिचान र अवलम्बन गर्न<br>▪ उप-महानगरपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपाय पहिचान गर्न<br>▪ उप-महानगरपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिका भन्न<br>▪ सामुदायिक वनको परिचय | नियन्त्रणका उपाय बताउन ।<br>▪ घर र विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निर्माण, उत्पादन, बजारीकरण गर्न ।<br>▪ घरायसी उपयोग भइसकेको पानीको व्यवस्थापन गर्न<br>▪ जैविक र अजैविक ठोस फोहोरको व्यवस्थापन र उपयोग गर्न<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>▪ दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>▪ सामुदायिक वनको आवश्यकता र महत्व | नियन्त्रणका उपाय बताउन ।<br>▪ घर र विद्यालयमा करेसाबारी र पुष्प बगैँचाको निर्माण, उत्पादन, बजारीकरण गर्न ।<br>▪ घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन गर्न<br>▪ जैविक र अजैविक ठोस फोहोरको व्यवस्थापन र उपयोग गर्न<br>▪ दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>▪ दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>▪ सामुदायिक बनको आवश्यकता र महत्व |
| ६.जीवनोपयोगी सीप र मानव–मूल्यमा आधारित शिक्षा | ▪ सामाजिक सञ्जालको सामान्य परिचय दिन<br>▪ प्रभावकारी सञ्चार सीपको विकास गर्न<br>▪ आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गर्न<br>▪ आफूसँग भएका प्रतिभा र क्षमताका | ▪ सामाजिक सञ्जालको महत्व र उचित प्रयोग गर्न<br>▪ असल नागरिक हुन आवश्यक सीपहरू पहिचान गरी प्रयोग गर्न<br>▪ घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको विकास गर्न | ▪ साइवर क्राइमको अर्थ र परिचय बताउन ।<br>▪ समाजमा असल नागरिक रही सामाजिक कार्यमा अग्रसरताको लागि पहल गर्न ।<br>▪ वडा र नगरस्तरमा हुने मेलमिलाप केन्द्रको काम र कर्तव्यबारे जानकारी |

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| --- | --- | --- | --- |
| | आधारमा आफ्नो लक्ष्य किटान गर्न<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गर्न<br>▪ बालविवाह, बहुविवाहका कारण र न्यूनीकरणका उपायहरू | ▪ आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन गर्न<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्य<br>▪ जेष्ठ नागरिकप्रतिको दायित्व | दिन ।<br>▪ आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन गर्न<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्य<br>▪ जेष्ठ नागरिकप्रतिको दायित्व बोध गरी तद्अनुरुपको व्यवहार गर्न । |
| ७.हाम्रा स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ उप-महानगरपालिकाक्षेत्रभित्रका कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्वको<br>▪ १ जीवनी<br>▪ २ महत्वपूर्ण योगदान<br>▪ ३ राष्ट्रिय योगदान<br>▪ ४ जीवनशैली<br>▪ ५.लेखरचना<br>▪ उप-महानगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण संघ संस्थाहरूको पहिचान गर्न | ▪ उप-महानगरपालिकाक्षेत्रभित्रका कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्व<br>▪ १ जीवनी<br>▪ २ महत्वपूर्ण योगदान<br>▪ ३ राष्ट्रिय योगदान<br>▪ ४ जीवनशैली<br>▪ ५.लेखरचना<br>▪ उप-महानगरपालिका क्षेत्रभित्रका महत्वपूर्ण संघ संस्थाहरूको सामाजिक योगदानबारे चर्चा गर्न | ▪ उप-महानगरपालिकाक्षेत्रभित्रका कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्व<br>▪ १ जीवनी<br>▪ २ महत्वपूर्ण योगदान<br>▪ ३ राष्ट्रिय योगदान<br>▪ ४ जीवनशैली<br>▪ ५.लेखरचना<br>▪ उप-महानगरपालिका क्षेत्रभित्रका महत्वपूर्ण संघ संस्थाहरूको सामाजिक योगदानबारे चर्चा गर्न । |

## ७. विषयवस्तुको विस्तृतीकरण

यस विषयमा कक्षागतरुपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## ७.१ विषयवस्तुको विस्तृतीकरण : कक्षा १

वार्षिक पाठ्यघण्टा : १६०

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| **१. म,मेरो परिवार र मेरो स्थानीय तह** | | | | | ४० |
| क. म र मेरो परिवार | ▪ आफ्नो पारिवारिक पृष्ठभूमि बताउन | ▪ आफ्नो परिवारको हाल बसेको ठाउँ र बसाई सरेर आएको ठाउँको नाम,<br>▪ परिवारको पृष्ठभूमि :<br>- आफ्नो जन्मस्थान र जन्ममिति<br>- आमाको माइतीघर (मामाघर)<br>- बुबाको मामाघर (हजुरआमाको माइतीघर)<br>- हजुरबुबा, हजुरआमा तथा परिवारको प्रमुख व्यक्तिको परिचय<br>▪ आफ्नो परिवारका सदस्यहरूसँग पर्ने नाता, | ▪ आफ्नो परिवार हाल बसेको ठाउँ र बसाइ सरी आएको भए कुन ठाउँबाट आएको सो ठाउँको नाम भन्न लगाउने,<br>▪ बालबालिकाहरूलाई आफ्ना बाजे, बज्यै, आमा, बुबा, दाजु, भाइ, दिदी, बहिनीको नाम, थर र उनीहरूको उमेर भन्न लगाउने,<br>▪ आफ्नो परिवारको भाषा, आफ्नो जाति र धर्म भन्न लगाउने । | ▪ तिम्रो बाजे र बज्यैको नाम र थर के हो ?<br>▪ तिम्रो आमा र बुबाको उमेर कति कति वर्ष छ ?<br>▪ तिम्रो परिवारमा कुन धर्म मानिन्छ ?<br>▪ तिम्रो घरको मुख्य व्यक्ति को हुनुहुन्छ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
| --- | --- | --- | --- | --- | --- |
| | | नाम, थर, उमेर,<br>■ आफ्नो परिवारको भाषा, आफ्नो जाति र धर्म । | | | |
| ख.मेरो स्थानीय तह<br>अ.भाषा | ■ आफ्नो मातृभाषामा बोल्न | ■ मातृभाषाहरू जस्तैः डोटेली डंगौरा, देउखरिया, ***कठरिया,*** उर्दू, हिन्दी र आदि । | ■ प्रत्येक बालबालिकाहरूलाई कुनै विषयमा आ- आफ्नो मातृभाषामा बोल्न लगाउने,<br>■ समूहगत रुपमा कुनै विषयमा संवाद गर्न लगाउने,<br>■ चित्र प्रदर्शन गरी बालबालिकाहरूलाई चित्र देखाई मातृभाषामा वर्णन गर्न लगाउने,<br>■ बालबालिकाहरूलाई आ-आफ्नो मातृभाषामा गीत गाउँदै नाच्न लगाउने । | ■ तिमीले बोल्ने भाषाको नाम के हो ?<br>■ तिमी आफ्नो भाषामा गीत गाऊ ।<br>■ बालबालिकाको क्रियाकलाप अवलोकन । | ५ |
| आ. संस्कृति , रहनसहन र संस्कार | ■ पारिवारिक रहनसहन र संस्कार बताउन,<br>■ घरका हजुरबा, हजुरआमा, बुबाआमालाई आदरसत्कार गर्न । | ■ संयुक्त परिवार (हजुरबुबा र हजुरआमा, आमाबाबु, काकाकाकी, दाजुभाइ, दिदीबहिनी आदि),<br>■ एकल परिवार (आमाबाबु, दाजुभाइ, दिदी बहिनी आदि),<br>■ ***कटारी***, पूजारी, भणारी,भर्रा भलमन्सा, चिराकी, सुँडेनी, | ■ संयुक्त र एकल परिवारको चित्र देखाई<br>■ कस्तो परिवारको हो, भन्न लगाउने,<br>■ समुदायको पहिरनको चित्र तथा सामग्री प्रदर्शन गर्ने,<br>■ समूह बनाई आफ्नो घरमा खाइने खानेकुराको नाम भन्न लगाउने,<br>■ चाडपर्वमा खाइने खानेकुराका बारे | ■ एकल परिवारमा को-को हुन्छन् ?<br>■ संयुक्त परिवारमा को-को हुन्छन् ?<br>■ आफ्नो घरवारका सदस्यहरूले लगाउने लुगाहरूको नाम भन । | १५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | बरघरिया, गुरुवा, केसौका, मुखिया, **कटवाले** आदि<br>■ घरको आँगनमा देवताको थान, तुलसीको मठ<br>■ पहिरन (लेहङ्गा, चोलिया, गटिया, चुनरी, ब्लाउज, अंगिया, अंगौछा, भेगुवा, लँगौटी, दौरा, सुरुवाल, टोपी, गुन्यु, चोली, जामा, घाँघर, भोटो, पटुका, लुङ्गी, सारी, धोती, चौबन्दी आदि),<br>■ खानपिन जस्तैः दालभात, कपुवा, चटनी, माछा, घोंघी, सुटही, खँरिया बरिया, ढिकरी,पटुसनीसेलरोटी, लाउन, बाबर, डुब्का, माणा, फाउने माणा, भक्केरोटी, रोट, फुरौला, मस्यौरा, ***पतेपला***, कसार, फिनी, ***अनर्सा*** आदि) ।<br>■ घरमा विभिन्न समयमा गरिने संस्कार र क्रियाकलाप (जस्तै : जन्मदिन, कुलपूजा, न्वारन, पास्नी, चुडाकर्म, विवाह, | छलफल गर्ने,<br>■ घरमा विभिन्न समयमा गरिने संस्कार र क्रियाकलाप (जस्तै : जन्मदिन, कुलपूजा, विवाह, व्रतबन्ध) बारे छलफल गर्ने,<br>■ बालबलिकालाई आदर सत्कार गरिएका चित्रहरू प्रदर्शन गर्ने, भिडियोहरू देखाउने र समूहमा अभिनय गर्न लगाउने, । | ■ तिमीले आज के-के खानेकुरा खायौ ?<br>■ तिम्रो जन्मदिन कहिले पर्छ ?<br>■ घरमा आफूभन्दा ठूलालाई कसरी ढोग्छौ ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | व्रतबन्ध, मृत्युसंस्कार, देवाली, तुलसी विवाह पूजा )<br>▪ आफ्नो घरपरिवार भित्रका नातेदारहरूलाई मर्यादा अनुसार ढोग, भेट, सलाम, दण्डवत्, प्रणाम, नमस्कार, असल बोलीचाली । | | | |
| इ. चाडपर्व | परिवारमा मनाइने चाडपर्वहरूको नाम भन्न । | ▪ स्थानीय चाडपर्वहरू जस्तैः माघ, अट्वारी, गौरा,ढुङ्गेरी लवाङ्गीपूजा, गुरही, चिरैं भाग्ने, भजहर,लुतो फाल्ने, ओल्के, बिसु, पुषे पन्ध्र, उत्तरायणी, ***पुतला*** आदि । | ▪ घरपरिवारमा मनाइने चाडपर्वहरूको नाम भन्न लगाउने,<br>▪ गाँउघरमा मनाइने चाडपर्वको सूची बनाई ती चाडपर्वमा गरिने पूजापाठ, खानपान, नाचगान र अन्य क्रियाकलापहरूको बारेमा चित्र देखाई छलफल गर्ने<br>▪ समूहगत रुपमा अभिनय गर्न लगाउने । | ▪ स्थानीय चाडपर्वहरूको नाम भन । | ५ |
| ई. स्थानीय सांस्कृतिक सम्पदा | ▪ आफ्नो गाउँघर र छिमेकी गाउँमा भएका ऐतिहासिक र धार्मिक स्थलहरूका नाम बताउन । | ▪ स्थानीय धार्मिक र ऐतिहासिक सम्पदाहरू जस्तैः बेंहडावावा मन्दिर, शिवपुरी धाम, नैनादेवी मन्दिर, रामजानकी मन्दीर, जखोर बाबा, शिवबाबा मन्दिर, दशरथ भीम उद्यान, कनरी | ▪ विद्यार्थीहरूलाई स्थानीय गाँउको भ्रमण गराई त्यहाँका मठ मन्दिर, डेउथान,चैत्य, गुम्बा, घ्याङ्ग, चर्च, मस्जिद आदिको पहिचान गर्ने, गराउने<br>▪ समूहगत रुपमा चित्र प्रदर्शन गर्ने र | ▪ चित्र हेरी मन्दिर, मरुवा, देउथान, मस्जिद, चर्च र गुम्बा चिन । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | उद्यान, जखोर ताल उद्यान चर्च, गुम्बा, मस्जिद आदि । | मन्दिरको नाम भन्ने,<br>▪ श्रव्यदृश्य सामग्रीहरूको प्रदर्शन गर्ने । | | |
| उ. सामाजिक सङ्घ संस्थाहरू | ▪ गाउँ टोलका सामाजिक सङ्घ संस्थाहरूको नाम भन्न । | ▪ सामाजिक सङ्घ संस्थाहरू जस्तैः महिला समूह, खोप केन्द्र, बाल क्लब, सामुदायिक वन समिति, टोल विकास समिति, युवा क्लब आदि । | ▪ समूहगतरुपमा चित्र प्रदर्शन गर्ने,<br>▪ स्थानीय सङ्घ संस्थाहरूको बारेमा भन्न लगाउने,<br>▪ अभिनय गर्न लगाउने । | ▪ सामाजिक सङ्घ संस्थाहरूको नाम भन ।<br>▪ चित्र हेरी नाम भन । | ५ |
| **२. मेरो स्थानीय भूगोल** | | | | | **४५** |
| क. स्थानीय भूगोल | ▪ आफू बसेको ठाउँको नाम र अवस्थिति बताउन,<br>▪ आफ्नो आफ्नो घर तथा विद्यालय वरिपरिको जमिनको स्वरुप बताउन,<br>▪ आफ्नो गाउँको बाटो, सडक, कुलो, नदी, ताल र वन बताउन,<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसम भन्न । | ▪ आफ्नो गाउँघरको नाम र ठेगाना,<br>▪ घर तथा विद्यालय वरिपरिको धरातलीय स्वरुपको परिचय ( अग्लो, होचो, समथर, खेत, बारी बगैंचा, चौर आदि,<br>▪ आफ्नो गाउँको बाटो, सडक, कुलो, नदी, ताल आदिको नाम ।<br>▪ हावापानी र मौसम (गर्मी, जाडो, वर्षा, हिउँद, लू, सिरेटो, खडेरी, बादल, हुस्सु,, तुँवालो, हुरी बतास आँधी आदि) । | ▪ विद्यार्थीहरूलाई उनीहरूको गाउँको नाम सोधेर भन्न लगाउने,<br>▪ गाउँबस्तीको चित्र प्रदर्शन गरी चिन्न र भन्न मौका दिने,<br>▪ आफ्नो गाउँघर नजिकको दायाँबायाँ तथा तलमाथि भएको बाटोको नाम सोधी छलफल गराउने,<br>▪ आफू बसेको गाउँठाउँको बनोट भिरालो, समथर, नदी किनार, उच्च स्थान कस्तो छ भनी छलफल गराउने,<br>▪ कक्षाकोठा बाहिर लगेर वरिपरिको भू-बनोट देखाउने र त्यसको सामान्य नक्सा कोर्न लगाउने,<br>▪ कक्षाकोठा बाहिर लगेर वरिपरिको | ▪ आफ्नो गाउँको नक्सा हेरी बाटो देखाऊ ।<br>▪ गाउँको बाटो, सडक आदिबाट नजिकको कुन ठाउँ पुगिन्छ भन ।<br>▪ तिमीले भ्रमण गरेको ठाउँ कस्तो छ ? भन ।<br>▪ आजको मौसम कस्तो छ ?<br>▪ तराईमा कस्तो हावापानी पाइन्छ ? | २० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | हावापानी र मौसम अवलोकन गर्न लगाउने ।<br>▪ चित्र, श्रव्यदृश्य सामग्री प्रदर्शन गरी छलफल गर्ने । | | |
| ख. प्राकृतिक सम्पदा | ▪ वातावरणका मुख्य तत्वहरू भन्न,<br>▪ स्थानीय गाउँघरका नदी र तालका नाम भन्न,<br>▪ आफ्नो गाउँ र विद्यालय वरपर रहेका बोटविरुवाहरूको पहिचान गर्न,<br>▪ आफ्नो गाउँ र विद्यालय वरपर पाइने पशुपंक्षीहरूको नाम बताउन,<br>▪ फूलवारी तथा बोटविरुवाका हेरचाह गर्न । | ▪ वातावरणका मुख्य तत्वहरू : हावा, पानी, माटो,<br>▪ आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र र नामको सूची,<br>- स्थानीय नदीहरू जस्तैः- मोहना, खुटीया आदि<br>- स्थानीय तालहरू जस्तैः- जखोर ताल, तिल्के ताल बेला ताल, नेतुवा ताल, महादेवा ताल आदि,<br>▪ आफ्नो गाउँघरमा पालिएका र विद्यालय वरपर पाइने पशुपंक्षीहरूको नाम/चित्र,<br>▪ घरपालुवा पशुपन्छीहरू जस्तैः- गाई, भैंसी, बाख्रा, कुखुरा,परेवा हाँस आदि,<br>▪ स्थानीय जङ्गलमा पाइने पशुपन्छीहरू जस्तैः- मयूर, ढुकुर, कोइली, मैना, सुगा, भँगेरा, बँदेल, जरायो, स्याल, खरायो, बाघ आदि, | ▪ वातावरणका मुख्य तत्वहरू (हावा, पानी, माटो) बारे बताउने,<br>▪ आफू बसेको गाउँघरका प्रचलित कुवा, खोला, नदी, तालको नाम भनिदिने र देखाइदिने,<br>▪ बालबालिकाहरूको घरगोठमा पालिएका पशुपंक्षीको नाम भन्न लगाउने,<br>▪ आफ्नो गाउँ र विद्यालय वरपर पाइने वन्यजन्तुको चित्र बनाई कक्षाकोठामा प्रदर्शन गर्ने,<br>▪ स्थानीय गाउँघर, वनजङ्गलको अवलोकन भ्रमण गराई बोटबिरुवाहरू र देखिएका पशुपंक्षिहरू चिनाइदिने, नाम बताइदिने,<br>▪ विद्यालयमा रहेको फूलवारी तथा बोटविरुवाहरूको सिंचाइ गोडमेलमा विद्यार्थीहरूलाई सहभागी गराउने । | ▪ वातावरणमा के- के पर्छन् ?<br>▪ आफू बसेको गाउँघरका कुवा, खोला, नदी, तालको नाम भन ।<br>▪ तिमीले देखेका वन्यजन्तुहरूको नाम भन ।<br>▪ आफ्नो गाउँघरमा फलफूल तथा बोटबिरुवाहरूको नाम भन । | २५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ विद्यालय वरपर र गाउँघरमा रहेका बोटबिरुवाहरूको नाम र चित्र । जस्तैः- साल, सिसौं, जामुन, आँप, लिची, खयर, पीपल, वर, कटहर, आदि,<br>▪ फूलवारी तथा बोटविरुवाहरूको हेरचाह गरिरहेको चित्र( जस्तैः- गोडमेल, सिँचाइ, घेराबार आदि) । | | | |
| **३. वतावरणीय सरसफाइ, पोषण र नैतिक शिक्षा** | | | | | **५०** |
| क.वातावरणीय सरसफाइ | ▪ घरपरिवार र कक्षाकोठामा रहेका प्लाष्टिकजन्य फोहोरमैला पहिचान गर्न । | ▪ आफ्नो घरवरिपरि र कक्षाकोठामा पाइने फोहोर वस्तुहरू :<br>▪ बिस्कुट चक्लेट चाउचाउ आदिका खोलहरू, कागजका टुक्राहरू । | ▪ बिस्कुट,चकलेट,चाउचाउ आदिका खोलहरू, कागजका टुक्राहरू सङ्कलन गरी कक्षा कोठामा प्रदर्शन गर्ने,<br>▪ शिक्षकले बालबालिकाहरूलाई समूहगतरुपमा फोहोरमैलाको नाम पहिचान गर्न लगाउने र अन्तमा शिक्षकले भन्ने,<br>▪ यी सामग्रीहरू क-कसको घरमा पाइन्छ र कसरी प्रयोग गरिन्छ भनी छलफल गर्न गराउने । | ▪ चित्र र वस्तु हेरी नाम भन ।<br>▪ केबाट निस्कने फोहोर हुन् भनी छुट्याउन लगाउने । | १५ |
| ख) पोषण | ▪ स्वस्थ खानेकुराका नाम भन्न र पत्रुखानाका प्रकार | ▪ घरमा पकाइ खाने खानेकुराहरू (दाल, भात, तरकारी, रोटी, अचार, | ▪ शिक्षकले घरमा पकाइने खानेकुराहरू र बजारबाट किनेर खाने खानेकुराहरूको चित्र वा वस्तु | ▪ तिमीहरू घरमा कुन-कुन खानाहरू खान्छौ ? | २५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | पहिचान गर्न<br>▪ आफूले खाने खानेकुराका नाम बताउन,<br>▪ प्याकेटका खानेकुराहरूका नाम बताउन,<br>▪ घरमा पकाइ खाने र बजारबाट किनेर खाने खानेकुराको फरक बताउन । | माछामासु, अण्डा आदि),<br>▪ (पत्रुखाना) बजारबाट किनेर खाने खानेकुराहरू (चाउचाउ, बिष्कुट, चक्लेट, कुकिज, कुरमुरे, चिजबल आदि)<br>▪ घरमा पकाइ खाने खानेकुराहरू र पत्रुखानाको अन्तर<br>▪ पत्रुखानाको असर | देखाइ विद्यार्थीहरूलाई चिन्न लगाउने,<br>▪ बजारबाट किनेर खाने खानेकुरा भन्दा घरमा पकाइने खानेकुरा किन राम्रो हुन्छ भनी विद्यार्थीलाई चित्र वा पोष्टरहरू देखाइ स्पष्ट पारिदिने ।<br>▪ चित्र प्रदर्शन गरी छलफल<br>▪ श्रव्यदृश्य प्रस्तुति र छलफल | ▪ चाउचाउ खानु किन राम्रो होइन आदि) ।<br>▪ तिमीहरू स्वस्थ रहन के खानु पर्छ ?<br>▪ तिमीले बजारबाट किनेर खाने खानेकुराहरू धेरै खायो भने के हुन्छ ?<br>▪ विद्यार्थीहरूको बानी व्यहोराको अवलोकन | |
| ग)नैतिक शिक्षा | ▪ परम्परागत शिष्टाचारका आचरणहरू ढोग आशीर्वाद अभिभवादन तथा श्रद्धामा आचरणहरू अनुसरण गर्न । | ▪ परम्परागत शिष्टाचारका आचरणहरू जस्तैः शिर निहुराई ढोग गर्नु..... आदि । | ▪ शिष्टाचारका आचरणहरू अभ्यासहरू गरी देखाउने,<br>▪ खेल खेल्न लगाउने । | ▪ तिमी आफ्नो काकालाई भेट्दा कसरी ढोग गर्छौ ? ...... आदि ।<br>▪ खेल अवलोकन । | १० |
| **४. हाम्रो स्थानीय पेसा व्यवसायहरू** | | | | | **२५** |
| क. स्थानीय पेसा व्यवसाय | ▪ घरपरिवारका सदस्यले गर्ने काम बताउन । | ▪ घरपरिवारका सदस्यहरूले दैनिक रुपमा गर्ने काम खेतीबारीका काम, घरेलु काम (डोका बुन्ने, करेसाबारीको काम, काठको काम, गाह्रो लगाउने,कपाल काट्ने, | ▪ कक्षाका बालबालिकाहरूको घरपरिवारका सदस्यले गर्ने दैनिक पेसागत क्रियाकलापहरू (काम) बारे छलफल गर्ने,<br>▪ विद्यालय नजिकको कुनै एक दुई घरका मानिसले गर्ने पेसागत | ▪ आफ्नो घरका सदस्यहरूले गर्ने कामको बारेमा भन ।<br>▪ स्थानीय गाउँघरको पेसा व्यवसायको अवलोकन गर्दा | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | साइकल मर्मत गर्ने, लुगा सिउने, पढ्ने, पढाउने, कार्यालयको काम आदि । | कामको अवलोकन गराई छलफल गराउने । | देखिएका कामहरू बारे सुनाऊ । | |
| ख) स्थानीय आय आर्जन क्रियाकलाप | ▪ घरमा आम्दानी हुने क्रियाकलाप भन्न । | ▪ घरपरिवारका सदस्यहरूले आय आर्जनका लागि गर्ने क्रियाकलाप जस्तै :<br>▪ खेतीपाती (अन्नबाली, तरकारी, फलफूल, फूल, आदि),<br>▪ पशुपालन (गाई, भैंसी, भेडा बाख्रा, बङ्गुर),<br>▪ पन्छीपालन (कुखुरा, हाँस, आदि),<br>▪ अन्य (माछा, मौरीपालन, जडीबुटी आदि) । | ▪ कक्षाका विद्यार्थीहरूको घरमा उनीहरूका परिवारका सदस्यले गर्ने दैनिक क्रियाकलापहरू (काम) बारे छलफल गर्ने ।<br>▪ विद्यालय नजिकको कुनै एक दुई घरमा अवलोकन गराई त्यहाँका मानिसले गर्ने कामबारे जानकारी सङ्कलन गर्ने । | ▪ तिम्रो घरको आम्दानीका स्रोतहरू के-के हुन् ? | ५ |
| ग) बजार/ हाटबजार /महोत्सव | ▪ घरको दैनिक कामकाज र खानपानका लागि खरिद बिक्री गरिने वस्तुहरूको नाम भन्न । | ▪ आफ्नो घरमा उत्पादन हुने वस्तुहरू, तिनीहरूको प्रयोग र बिक्री बारे छलफल, स्थानीय बजार, हाटबजार, महोत्सव आदिको चित्रकथा | ▪ दैनिकरुपमा प्रयोग हुने खाद्य सामग्रीहरूको बारेमा छलफल गर्ने/गराउने,<br>▪ स्थानीय बजारको चित्र प्रदर्शन र अवलोकन भ्रमण गराई, छलफल गराउने । | ▪ तिमी बजारबाट के-के किन्छौ ?<br>▪ तिम्रो घरबाट बजारमा के के बेचिन्छ ?<br>▪ हाटबजार र महोत्सवमा के–के पाइन्छन् ? | ५ |
| घ) पेसागत ज्ञान | ▪ खेतीपातीसँग सम्बन्धित क्रियाकलाप भन्न । | ▪ खेतीपाती (अन्नबाली, तरकारी, फलफूल, फूल, जडीबुटी आदि) । | ▪ खेतीपातीका क्रियाकलापहरू सम्बन्धमा छलफल गर्ने । | ▪ बारीमा के–के फल्छ ?<br>▪ खेतमा के–के रोप्छौ ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ङ) पर्यटन | ▪ स्थानीय पर्यटकीय स्थलहरूको नाम बताउन । | ▪ स्थानीय पर्यटकीय स्थलहरू : जखोर ताल, दशरथ भीम उद्यान कनरी उद्यान आदि | ▪ स्थानीय पर्यटकीय स्थलहरूको चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रदर्शन गरी छलफल गर्न लगाउने । | ▪ स्थानीय पर्यटकीय स्थलहरूको नाम भन । | ५ |

## ७.२ विषयवस्तुको विस्तृतीकरण : कक्षा २

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| **१. म,मेरो परिवार र मेरो स्थानीय तह** | | | | | ४० |
| क) समुदायको इतिहास | ▪ आफ्नो समुदायको सामान्य परिचय बताउन । | ▪ समुदायको संरचनाजस्तैः जातजाति ( जस्तैः थारू,मगर,बाहुन, गुरूङ,राजी,नेवार,क्षेत्री आदि), धर्म ( हिन्दु, इसाइ, इस्लाम, बौद्ध आदि) ।<br>▪ वडा अध्यक्ष, भलमन्सा, भर्रा, गुरुवा, चिराकी, स्वास्थ्य स्वयंसेविकाको आदिको नाम परिचय,<br>▪ आफ्नो गाउँ समुदायका ऐतिहासिक व्यक्ति,<br>▪ पुरानो बस्ती, चौतारो, बाटो, कुलो, कुवा आदि । | ▪ आफ्नो समुदायका जातजाति, धर्मको सूची बनाउन लगाउने,<br>▪ वडा अध्यक्ष, भलमन्सा, चिराकी, स्वास्थ्य स्वयंसेविका आदिको नाम भन्न लगाउने,<br>▪ आफ्नो गाउँ समुदायका ऐतिहासिक व्यक्ति खोज्न र चिन्न लगाउने,<br>▪ पुरानो बस्ती, चौतारो, बाटो, कुलो आदि पहिचान गर्न लगाउने । | ▪ आफ्नो समुदायको नाम भन ।<br>▪ तिम्रो गाउँमा कुन कुन जात,थरका मानिसहरू बस्दछन् ?<br>▪ तिम्रो गाउँमा पुराना वस्तुहरू के- के छन् ? | ५ |
| ख) समुदायमा बोलिने मातृभाषाहरू | ▪ स्थानीय ठाउँमा बोलिने विभिन्न भाषाहरूको सूची बनाउन, | ▪ विभिन्न सामुदायका भाषा जस्तैः थारू (डंगौरा, ***देउखरिया***, रभ्कटिया | ▪ प्रत्येक विद्यार्थीहरूलाई आ–आफ्नासमुदायमा बोलिने मातृभाषाहरूको | ▪ आफ्नो मातृभाषाको नाम भन ।<br>▪ आफ्नो मातृभाषामा | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | ▪ स्थानीय मातृभाषाका केही शब्दहरू बुझ्न, बोल्न र वाक्य बनाउन । | कठरिया, नेपाली, डोटेली, मगर, नेवारी, उर्दू, हिन्दी, मैथली, भोजपुरी, देहाती आदि )<br>▪ स्थानीय गाउँघरमा बोलिने भाषाको अक्षर/लिपि | नाम भन्न लगाउने,<br>▪ आ–आफ्ना मातृभाषामा समूहगत रूपमा संवाद गर्न लगाउने,<br>▪ श्रव्य सामग्रीको प्रयोग गरी मातृभाषाको पहिचान गर्न लगाउने<br>▪ चित्र वा वस्तु देखाई मातृभाषामा वर्णन गर्न लगाउने,<br>▪ केही स्थानीय भाषा र नेपाली भाषाको शब्दभण्डारको सूची बनाई छलफल गर्ने । | लय मिलाएर गीत गाऊ ।<br>▪ तिम्रो गाउँमा बोलिने मातृभाषाहरू के -के हुन् ? | |
| ग) स्थानीय रहनसहन र संस्कृतिको परिचय | ▪ आफ्नो जाति र समुदायको रहनसहन र संस्कारको परिचय दिन,<br>▪ छरछिमेकका नातागोता, गुरू मान्यजनलाई आदर, सत्कार, शिष्टाचार र सहयोग गर्न । | ▪ स्थानीय पूजापाठ तथा मेलापर्वहरू जस्तैः,<br>▪ परिवारमा लगाइने भेषभूषा (पहिरन जस्तैः- लेहङ्गा,गटिया, चोलो, फरिया, जामा, घाँघर, पटुका, दौरा सुरुवाल, गरगहना जस्तैः- बाला, मुन्द्री, तिलहरी, पाउजु, औँठी, चुरा, पोते, कन्ठी, कन्दनी, बाली, कल्ली, पाउजु, हार आदि), | ▪ पहिरन प्रर्दशनी गरेर जातिको पहिचान गर्न लगाउने,<br>▪ बालबालिकाहरूको आ–आफ्नो गाउँघरमा हुने गरेको संस्कृतिक गतिविधिहरू जस्तैः कथा, पूजापाठ, न्वारन, विवाह, पास्नी आदिको बारेमा भन्न लगाउन,<br>▪ श्रव्य दृश्य सामग्रीहरूद्वारा | ▪ तिम्रो टोलका मानिसहरू कस्ता कस्ता पहिरन लगाउँछन्, भन ।<br>▪ चाडपर्वहरू जस्तैः हरेरी पूजा, अरौटी, धुरिया पूजा, लवाङ्गी पूजा/न्वाङ्गीमा के के गर्छन् ?<br>▪ तिमी आफूभन्दा ठूलालाई भेट हुँदा र विदा हुँदा कसरी | १५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ आफ्नो छरछिमेकका नातागोता, भिक्षु, गुरू, पुरोहित, जोगी, सन्यासी, वैद्य, मान्यजन तथा ठूलालाई आदर र सानालाई माया गर्ने साथै अनाथ, अशक्तप्रति सहयोगी भावनाको विकास । | सांस्कृतिक झाँकीहरू प्रदर्शन गरी छलफल गराउने,<br>▪ संस्कारअनुसार अभिवादन,(ढोग नमस्ते,प्रणाम, सलाम,दण्डवत्) गर्न लगाउने,<br>▪ आदरसत्कार गरिएका चित्रहरू र भिडियोहरू देखाउने,<br>▪ अशक्त असहाय पात्रहरूलाई सहयोग गर्ने अभिनयात्मक खेल खेलाउने । | अभिवादन गर्छौ ? | |
| घ) स्थानीय चाडपर्वहरूको परिचय | ▪ स्थानीय चाडपर्वहरू, मेला, जात्रा आदिको परिचय दिन । | ▪ स्थानीय चाडपर्वहरू जस्तैः माघ, अँट्वारी, गौरा,लवाङ्गीपूजा, बिसु, ओल्के, गुरही, लुतो फाल्ने, पुतला,चिरै भाग्ने, भजहर आदिको नाम तथा परिचय । | ▪ समूहगत रूपमा मनाइने चाडपर्वहरूको नाम सोध्ने, भन्न लगाउने र टिपोट गर्ने,<br>▪ विभिन्न चाडपर्वहरूको चित्र प्र्दशन गरी परिचय दिई छलफल गर्न लगाउने,<br>▪ समूहगत रूपमा अभिनय गर्न लगाउने । | ▪ स्थानीय चाडपर्वहरूको नाम भन ।<br>▪ माघमा के–के गरिन्छ ? | ५ |
| ङ) स्थानीय | ▪ आफ्नो वडा र | ▪ स्थानीय सांस्कृतिक | ▪ स्थानीय धार्मिक तथा | ▪ बेहडाबाबा मन्दिरमा के | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| सांस्कृतिक सम्पदाहरूको परिचय | समुदायमा रहेका सांस्कृतिक सम्पदाहरूको नाम भन्न | सम्पदाहरू जस्तैः बेंहडावावा मन्दिर, शिवपुरी धाम, नैनादेवी मन्दिर, रामजानकी मन्दिर, जखोर बाबा, शिवबाबा मन्दिर, दशरथ भीम उद्यान, कनरी उद्यान, जखोर ताल उद्यान, चर्च, गुम्बा, मस्जिद आदि ।<br>▪ चर्च, गुम्बा,मस्जिदको पहिचान आदि । | सांस्कृतिक स्थलहरूको भ्रमण गराई देखेका कुराहरू टिपोट गर्न लगाई छलफल गर्ने<br>▪ स्थानीय सांस्कृतिक सम्पदाहरूका बारेमा समूह छलफल गर्न लगाउने,<br>▪ समूहगत रूपमा चित्र प्रर्दशनी गर्ने र मन्दिरको नाम भन्न लगाई छलफल गर्ने । | को पूजा हुन्छ ?<br>▪ तिम्रो वरिपरि मन्दिरहरूको नाम भन ? | |
| च) वडा स्तरका सामाजिक सङ्घ, संस्थाहरू | ▪ वडास्तरका सामाजिक सङ्घ, संस्थाहरूको नाम भन्न । | ▪ वडा स्तरका सामाजिक सङ्घसंस्थाहरू जस्तैः महिला समूह, बाल क्लबहरू,सामुदायिक वन उपभोक्ता समिति,जुनियर रेडक्रस सर्कल,युवा क्लबहरू, वडा स्तरीय बरघरिया सञ्जाल, वडा स्तरीय खोप केन्द्र आदि | ▪ सामाजिक भेलाको चित्र प्रर्दशनी गर्ने,<br>▪ स्थानीय सङ्घ संस्थाहरूले गर्ने कार्यहरूको बारेमा छलफल गर्ने,<br>▪ सामाजिक सङ्घ,संस्थाको कार्यको अभिनय गर्न लगाउने । | ▪ तिम्रो वडामा रहेका सङ्घ, संस्थाहरूको नाम भन ।<br>▪ चित्र हेरेर नाम भन । | ५ |
| **२. मेरो स्थानीय भूगोल** | | | | | ४० |
| क) हाम्रो भूगोल | ▪ आफ्नो वडाको अवस्थिति र सिमाना बताउन,<br>▪ आफ्नो टोल समुदाय र | ▪ वडाको अवस्थिति देखिने नक्सा<br>▪ स्थानीय गाउँको भौगोलिक स्वरुप (भिरालो, समथर, | ▪ स्थानीय गाउँको भौगोलिक स्थितिको बारेमा जानकारी गराई अवलोकन भ्रमण | ▪ गाउँको स्वरूप बारे भन ।<br>▪ उप-महानगरपालिकाको नक्सा हेरी आफ्नो वडा | १५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | त्यस वरिपरिको भौगोलिक स्वरुप बताउन र रेखाङ्कन गर्न,<br>▪ आफ्नो वडाभित्र रहेको गाउँ, ताल, मैदान, खोला, सड़क चिन्न र नाम भन्न ,<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसम भन्न र लेख्न । | खोला, ताल) बारे जानकारी, चित्र तथा विवरण,<br>▪ नजिकको गाउँको भौगोलिक स्थिति, सिमाना, स्वरूप, समथर, भिरालो, बाटो, खोला, जङ्गल आदिको नक्सा र विवरण,<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसम (गर्मी, जाडो, वर्षा, हिउँद, बादल, शीतलहर, तुँवालो, हुस्सु, सिरेटो, लु, शीतलहर, तुँवालो, खडेरी हुरी बतासआदि) । | गराउने,<br>▪ भिरालो, समथरको परिभाषा र स्वरूप बारे छलफल गर्ने,<br>▪ आफ्नो नगरपालिकाको नक्सा प्रस्तुत गरी गाउँ तथा वडाको सिमानाबारे छलफल गरी रेखाङ्कन गर्न लगाउने,<br>▪ छिमेकी गाउँको क्षेत्र भ्रमण गराउने र दुई गाउँ बीचको भौगोलिक भिन्नता र समानता बारे छलफल गर्ने,<br>▪ दुई गाउँलाई छुट्याउने खोला, बाटो, जङ्गल, चौतारो आदि बारे छलफल गरी ठाउँको नाम बारे जानकारी दिने,<br>▪ कक्षाकोठा बाहिर लगेर वरिपरिको हावापानी र मौसम अवलोकन गर्न लगाउने ,<br>▪ चित्र, श्रव्यदृश्य सामग्री पदर्शन गरी छलफल | देखाऊ ।<br>▪ स्थानीय गाउँ र छिमेकी गाउँ बीचको भिन्नता र समानता( समथर, भिरालो, ताल आदि) देखाऊ,<br>▪ तिम्रो गाउँलाई छुट्याउने सिमानाहरू ( खोला, जङ्गल, पहाड, बाटो, चौतारो )भन ।<br>▪ आफू बसोबास गरेको क्षेत्र, गाउँ र टोलका नाम भन ।<br>▪ आफू बसोबास गरेको क्षेत्र, गाउँको मौसम र हावापानी बारे भन । | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | गर्ने । | | |
| ख) प्राकृतिक सम्पदा | ▪ वातावरणका तत्वहरूको सूची बनाउन,<br>▪ स्थानीय नदी र तालको सूची बनाउन,<br>▪ नदी र तालको फाइदा बताउन,<br>▪ गाउँ तथा नजिकको जङ्गलमा रहेका प्रमुख बोटविरुवाहरूको सूची बनाउन,<br>▪ स्थानीय जडीबुटीहरूको पहिचान गर्न,<br>▪ स्थानीय वनजङ्गलमा पाइने पशुपन्छीहरू र तिनको आहारा पहिचान गर्न,<br>▪ वनजङ्गलका फाइदा भन्न र लेख्न,<br>▪ फूलवारी तथा करेसाबारीको हेरचाह गर्न । | ▪ वातावरणका मुख्य तत्वहरू : हावा, पानी, माटो, वनस्पति, वन्यजन्तु आदि,<br>▪ आफू बसेको ठाउँ वरपर समुदायमा रहेका ताल, नदीको चित्र र नामको सूची,<br>▪ –स्थानीय नदीहरू जस्तैः- मोहना, खुटिया, आदि ।<br>▪ –स्थानीय तालहरू जस्तैः- जखोर, तिल्के ताल, बेला ताल, नेतुवा ताल, आदि,<br>▪ नदी र तालबाट हुने फाइदा जस्तैः- सिंचाइ गर्न, बिजुली निकाल्न, डुङ्गा चलाउन, पौडी खेल्न, माछापालन गर्न आदि ।<br>▪ स्थानीय गाउँघरमा र जङ्गलमा पाइने बोटबिरुवाहरू, फलफूलहरूको चित्रद्धारा पहिचान जस्तैः- साल, सिसौं, जामुन, खयर, हल्दु आदि,<br>▪ स्थानीय जडीबुटी जस्तैः- | ▪ वातावरणका मुख्य तत्वहरू : हावा, पानी, माटो, वनस्पति, वन्यजन्तु आदिबारे छलफल गर्ने,<br>▪ स्थानीय नदी, ताल चिनाई सूची बनाउन लगाउने,<br>▪ विद्यालय नजिक भएको पानीको स्रोत देखाई त्यसको प्रयोग बारे छलफल गर्ने/नदी र तालको फाइदा बताउने,<br>▪ आफ्नो गाउँ, वडा र विद्यालय वरपरको स्थानीय वनजङ्गलको अवलोकन भ्रमण गराई बोटविरूवाहरू चिनाई नाम लेख्न लगाउने,<br>▪ स्थानीय गाउँघरमा पाइने जडीबुटीहरूको नाम टिपोट गरी चित्रद्वरा छलफल गर्ने,<br>▪ विद्यार्थीहरूलाई आफू बसेको ठाउँ र वडा | ▪ वातावरणका तत्वहरू के–के हुन् ?<br>▪ आफू बसेको गाउँघर र वडामा रहेको नदी, तालको सूची बनाऊ ।<br>▪ नदी र तालका फाइदा के के हुन् ?<br>▪ आफ्नो गाउँघर र वडामा पाइने बोटविरुवाहरूको सूची तयार गर ।<br>▪ स्थानीय जङ्गलमा पाइने जडीबुटीका नाम भन ।<br>▪ आफूले देखेका वन्यजन्तुको नाम र आहारा बताऊ ।<br>▪ वनजङ्गलबाट के फाइदा हुन्छ ?<br>▪ बोटविरुवाको हेरचाह कसरी गरिन्छ ? | २५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | बेल, बेसार, तीतेपाती, अमला, हर्रो, तुलसी, नीम, गुर्जो, घोडाताप्रे, बर्रो, बोजो, घ्युकुमारी आदि,<br>▪ स्थानीय जङगली पशुपंन्छीहरूको नाम र चित्र जस्तैः-ढुकुर,मयूर,सुगा, काग, चित्तल,खरायो, स्याल, बाघ, आदि ।<br>▪ स्थानीय जङ्गली पशुपंक्षीहरूको आहारा जस्तैः-घाँस, कीरा फट्याङग्रा, मासु आदि ।<br>▪ वनजङ्गलबाट हुने फाइदाहरू जस्तैः- काठ, दाउरा, स्याउला, घाँस, जडीबुटी, सोत्तर आदि ।<br>▪ फूलवारी तथा बोटविरुवाहरूको हेरचाह । | वरपर पाइने वन्यजन्तुको नाम,चित्र, खाना, वासस्थानका आधारमा परिचय दिन लगाउने,<br>▪ वनजङ्गलको फाइदाबारे छलफल गराउने,<br>▪ विद्यालय वरिपरि भ्रमण गराई वातावरणको अवस्थाबारे बताईदिने र वरिपरि फोहोर वा सफा के छ त्यससम्बन्धी छलफल गर्ने,<br>▪ विद्यालयमा रहेको फूलवारी तथा बोटविरुवाहरूको सिंचाइ र गोडमेलमा विद्यार्थीहरूलाई सहभागी गराउने । | | |
| **३. वातावरणीय सरसफाइ, पोषण र नैतिक शिक्षा** | | | | | **५०** |
| क.वातावरणीय सरसफाइ | ▪ घरपरिवार र कक्षाकोठामा रहेका प्लाष्टिकजन्य फोहोरमैला | ▪ आफ्नो घर वरिपरि र कक्षाकोठामा पाइने फोहोर वस्तुहरू : | ▪ बिस्कुट चक्लेट चाउचाउ आदिका खोलहरू, कागजका टुकाहरू | ▪ चित्र र वस्तु हेरी नाम भन ।<br>▪ केबाट निस्कने फोहोर | १५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | पहिचान गर्न । | ▪ बिस्कुट चक्लेट चाउचाउ आदिका खोलहरू, कागजका टुकाहरू । | सङ्कलन गरी कक्षा कोठामा प्रदर्शन गर्ने,<br>▪ शिक्षकले बालबालिकाहरूलाई समूहगत रुपमा फोहोरमैलाको नाम पहिचान गर्न लगाउने र अन्तमा शिक्षकले भन्ने,<br>▪ यी सामग्रीहरू क-कसको घरमा पाइन्छ र कसरी प्रयोग गरिन्छ भनी छलफल गर्न गराउने । | हुन् भनी छुट्याउन लगाउने । | |
| ख) पोषण | ▪ स्वस्थ खानेकुराका नाम भन्न र पत्रुखानाका प्रकार पहिचान गर्न<br>▪ आफूले खाने खानेकुराका नाम बताउन,<br>▪ प्याकेटका खानेकुराहरूका नाम बताउन,<br>▪ घरमा पकाइ खाने र वजारबाट किनेर खाने खानेकुराको फरक बताउन । | ▪ घरमा पकाइ खाने खानेकुराहरू ( दाल,भात,तरकारी,रोटी, अचार,माछा,मासु,अण्डा आदि)<br>▪ (पत्रुखाना) बजारबाट किनेर खाने खानेकुराहरू( चाउचाउ, बिस्कुट, चक्लेट, कुकिज, कुरमुरे, चिजबल आदि)<br>▪ घरमा पकाइ खाने खानेकुराहरू र पत्रुखानाको अन्तर<br>▪ पत्रुखानाको असर | ▪ शिक्षकले घरमा पकाइने खानेकुराहरू र बजारबाट किनेर खाने खानेकुराहरूको चित्र वा वस्तु देखाइ विद्यार्थीहरूलाइ चिन्न लगाउने,<br>▪ बजारबाट किनेर खाने खानेकुराभन्दा घरमा पकाइने खानेकुरा किन राम्रो हुन्छ भनी विद्यार्थीलाइ चित्र वा पोष्टरहरू देखाई स्पष्ट | ▪ तिमीहरू घरमा कुन कुन खानाहरू खान्छौ ?<br>▪ चाउचाउ खानु किन राम्रो होइन आदि) ।<br>▪ तिमीहरू स्वस्थ रहन के खानु पर्छ ?<br>▪ तिमीले बजारबाट किनेर खाने खानेकुराहरू धेरै खायो भने के हुन्छ ?<br>▪ विद्यार्थीहरूको बानी व्यहोराको अवलोकन | २५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | पारिदिने ।<br>▪ चित्र प्रदर्शन गरी छलफल<br>▪ श्रव्यदृश्य प्रस्तुति र छलफल | | |
| ग)नैतिक शिक्षा | ▪ परम्परागत शिष्टाचारका आचरणहरू ढोग आशीर्वाद अभिवादन तथा श्रद्धामा आचरणहरू अनुसरण गर्न । | ▪ परम्परागत शिष्टाचारका आचरणहरू जस्तैः शिर निहुराई ढोग गर्नु, आदि । | ▪ शिष्टाचारका आचरणहरू अभ्यासहरू गरी देखाउने,<br>▪ खेल खेल्न लगाउने । | ▪ तिमी आफ्नो काकालाइ भेट्दा कसरी ढोग गर्छौ ? आदि ।<br>▪ खेल अवलोकन । | १० |
| **४. हाम्रो स्थानीय पेशा व्यवसायहरू** | | | | | **३०** |
| क) स्थानीय पेसा, व्यवसाय | ▪ छरछिमेक तथा साथीको परिवारका सदस्यले गर्ने काम बताउन । | ▪ घरपरिवार तथा छरछिमेकका सदस्यहरूले दैनिक रूपमा गर्ने खेती, पशुपालन, व्यापार व्यवसाय, नोकरी, मजदुरी, वैदेशिक रोजगार आदि । | ▪ परिवार तथा छरछिमेकका सदस्यले गर्ने दैनिक पेसागत तथा व्यवसायिक क्रियाकलापहरू बारे छलफल गर्ने,<br>▪ विद्यालय नजिकको कुनै एक दुई घरमा अवलोकन गराइ त्यहाँका मानिसले गर्ने पेसागत कामबारे जानकारी सङ्कलन गर्ने,<br>▪ विभिन्न पेसा व्यवसाय झल्किने चित्र,श्रव्य | ▪ तिम्रो परिवार तथा छरछिमेकका सदस्यले गर्ने काम (पेसा, व्यवसाय) को सूची बनाऊ ?<br>▪ तिम्रो साथीको परिवारका सदस्यले कुन–कुन पेसा व्यवसाय (काम) गर्दछन् ? | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | दृश्य सामग्री प्रदर्शन गरी छलफल गर्ने । | | |
| ख) स्थानीय आय आर्जन क्रियाकलाप | ▪ छरछिमेक तथा गाउँघरका आय आर्जनका क्रियाकलाप बताउन । | ▪ परिवार,छरछिमेकका तथा साथीका परिवारको सदस्यहरूले आय आर्जनका लागि गर्ने क्रियाकलाप<br>▪ घरेलु व्यवसाय (गलैंचा, राडी, पाखी, टोपी, झोला, थाङ्का आदि)<br>▪ सिकर्मी, डकर्मी घट्ट, मिल<br>▪ पसल, खेतीपाती | ▪ खेतीपाती, माछापालन, मौरीपालन जस्ता आय आर्जनका क्रियाकलाप झल्किने चित्र प्रदर्शन,अवलोकन, भ्रमणसहित छलफल गराउने<br>▪ विभिन्न आय,आर्जनका पेसा व्यवसाय झल्किने श्रव्य दृश्य सामग्री प्रदर्शन गर्ने । | ▪ तिम्रो साथीको घरपरिवारका सदस्य र छरछिमेकीका आय आर्जनका क्रियाकलापहरू के -के हुन् ? | ५ |
| ग) बजार, हाटबजार, महोत्सव | ▪ गाउँघरमा उत्पादन हुने वस्तुहरू, तिनको प्रयोग र बिक्री वितरणको स्थिति बताउन । | ▪ गाउँघरमा उत्पादन हुने वस्तुहरू,<br>▪ बजार, हाटबजार, महोत्सव<br>▪ बजार, हाटबजार, महोत्सव<br>▪ आदिमा खरिद बिक्री गरिने वस्तुहरू । | ▪ गाउँघरमै उत्पादन भएका दैनिक रुपमा घरमा प्रयोग हुने र बाहिरबाट किनेर ल्याइने सामाग्रीहरूको सूची तयार गरी छलफल गर्ने,<br>▪ स्थानीय पसल वा बजारको अवलोकन गराई त्यहाँ भएका वस्तु बारे छलफल गर्ने,<br>▪ क्रेता विक्रेताको भूमिका निर्वाह प्रदर्शन गर्ने र | ▪ किराना पसलको परिचय देऊ ।<br>▪ तिम्रो गाउँघरमा उत्पादन हुने र बजारमा बिक्री वितरण हुने वस्तुहरूका नाम भन । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | त्यसबारे छलफल गर्ने । | | |
| घ)पेसागत ज्ञान | ▪ कृषि पेसासँग सम्बन्धित क्रियाकलापहरूको पहिचान गर्न र सूची बनाउन । | ▪ कृषि:<br>▪ खेतीपाती ( अन्न बाली, तरकारी, फलफूल, फूल, च्याउ, आदि),<br>▪ पशुपालन(गाई, भैँसी, भेडा बाखा,बङ्गुर, कुखुरा, हाँस आदि)<br>▪ माछा, मौरीपालन,<br>▪ जडीबुटी खेती आदि । | ▪ कृषि पेसासँग सम्बन्धित क्रियाकलापहरू चित्र, श्रव्यदृश्य प्रदर्शन, क्षेत्र भ्रमण गरी पहिचान गराई सूची बनाउन लगाउने । | ▪ कृषि पेसाभित्र के–के क्रियाकलापहरू पर्दछन् ? | ५ |
| ङ) उद्योग व्यवसाय | ▪ समुदाय स्तरमा सञ्चालन भएका उद्योग व्यवसायको नाम भन्न । | ▪ स्थानीय स्तरमा सञ्चालन भएका उद्योग व्यवसायहरू जस्तै : मिल, ईटाभट्टा, किराना पसलहरू, होटल, गारमेन्टस्, कपडा सिलाउने, कपाल काट्ने आदि । | ▪ स्थानीय स्तरमा सञ्चालन भएका पसल, उद्योग, मिल, इटाभट्टा, होटल, कपडा सिलाएको, कपाल काटेको चित्र देखाई छलफल गर्ने,<br>▪ स्थानीय उद्योग व्यवसायको भ्रमण अवलोकन गराई प्रश्नोत्तर गराउने,<br>▪ उद्योग व्यवसायको श्रव्यदृश्य सामग्री प्रदर्शन गरी छलफल गराउने । | ▪ तिम्रो समुदायमा रहेका उद्योगहरूको सूची बनाऊ । | ५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| च) पर्यटन | ▪ स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन । | ▪ स्थानीय पर्यटीय स्थलहरू जस्तै : जखोर ताल, दशरथ भीम उद्यान, धनगढी सिटीहल, कनरी वनस्पती उद्यान आदि । | ▪ स्थानीय पर्यटीय स्थलहरूको चित्र तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरी छलफल गराउने । | ▪ तिम्रो समुदाय वरपर रहेका पर्यटकीय स्थलहरू कुन–कुन हुन् ? | ५ |

## ७.३ विषयवस्तुको विस्तृतीकरण : कक्षा ३

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| **१. म, मेरो परिवार र मेरो स्थानीय तह** | | | | | **३२** |
| क.हाम्रो इतिहास | ▪ धनगढीको सामान्य परिचय बताउन । | ▪ स्थानीय किंवदन्तीमा आधारित कथा,<br>▪ पौराणिक कथा,<br>▪ समुदाय र धनगढीबिचको ऐतिहासिक सम्बन्ध,<br>▪ धनगढी उप- महानगरपालिकाको स्थापना र परिचय । | ▪ शिक्षकले किंवदन्ती सुनाई विद्यार्थीहरूबिच अन्तरक्रिया गर्ने,<br>▪ पौराणिक कथा सुनाउने<br>▪ धनगढी उप-महानगरपालिकाको विवरण प्रस्तुत गर्ने । | ▪ धनगढी नाम कसरी रहन गयो ?<br>▪ धनगढी उप-म.न.पा. को स्थापना कहिले भयो ?<br>▪ कुन-कुन नगरपालिका र गा.वि.स.हरू मिलेर धनगढी उप-महानगरपालिका बन्यो ? | ४ |
| ख. भाषा | ▪ स्थानीय मातृभाषामा कुराकानी गर्न । | ▪ स्थानीयस्तरमा बोलिने मातृभाषा जस्तैः नेपाली, डंगौरा, देउखरिया, | ▪ आफ्नो मातृभाषामा कुनै विषयमा बोल्न | ▪ तिम्रो मातृभाषामाआफ्नो | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | रझटिया, कठरिया, डोटेली, नेवारी, मगर, गुरूङ, उर्दू, हिन्दी, मैथली, भोजपुरी आदि । | लगाउने,<br>▪ आफ्नो मातृभाषामा साथीहरूसँग संवाद गर्न लगाउने,<br>▪ विभिन्न मातृभाषाहरूको श्रव्यदृश्य सामग्री देखाउने र सुनाउने । | परिचय देऊ ।<br>▪ आफ्नो मातृभाषामा परिवारको बारेमा जानकारी देऊ ।<br>▪ राना थारू, थारु, डोटेली आदि भाषामा संवाद गरेर सुनाऊ । | |
| ग. संस्कृति र रहनसहन | ▪ स्थानीय क्षेत्रको रहनसहन र संस्कारको परिचय दिन,<br>▪ स्थानीय स्तरमा मनाइने धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको परिचय दिन,<br>▪ समुदायमा मिलेर बस्न । | ▪ आफ्नो जाति, समुदायको खानपिन ( कपुवा, चट्नी, ढिक्री, खँरिया, फुलौरी, कचौरी,लाउन, बाबर, खुर्मा, कसार, सेलरोटी, खिर,खिचडी, मासको फाँडो,डुब्का, भुनेरोटी आदि),<br>▪ लवाङ्गी पूजा, स्थानीय जाँत, देवाली पूजा,तुलसी पूजा आदि,<br>▪ न्वारन, पास्नी, विवाह, व्रतबन्ध, चुडाकर्म, मृत्युसंस्कार आदि,<br>▪ आफूनो जाति, समुदायको पहिरन ( अंगोछा, धोती, झुलुवा, भेगुवा, लेहङ्गा,गटिया, गुन्यू, चोली, पटुका,जामा, घाँघर, गामन, | ▪ आफ्नो जात समुदायको खाना तथा पहिरनको बारेमा छलफल गर्न लगाउने र टिपोट गर्ने ।<br>▪ संयुक्त परिवार र एकल परिवारको चित्र प्रदर्शन गरी पारिवारको संरचना बारे छलफल गराउने,<br>▪ समुदायमा सामूहिक रूपमा गरिने | ▪ तिम्रो परिवारमा चाडपर्वमा खाइने विशेष खाना के -के हुन् ?<br>▪ थारू समुदायमा महिलाहरूले कुन-कुन लुगा लगाउँछन् ?<br>▪ संयुक्त परिवार र एकल परिवारमा के फरक छ ?<br>▪ लवाङ्गी पूजा कसरी मनाइन्छ ? | १२ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | पछ्यौरी आदि,<br>▪ पारिवारिक संरचना (संयुक्त परिवार र एकल परिवार,<br>▪ सामुदायिक मेलमिलाप : जस्तै : नम्र भएर  बोल्ने, कसैसँग झै-झगडा नगर्ने, विभेद नगर्ने,  मिलेर बस्ने, सामूहिक कार्य मिलेर गर्ने, नेतृत्व सीप  । | धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू भईरहेका चित्रहरू प्रदर्शन गरी परिचय दिन लगाउने,<br>▪ बालबालिकाहरूलाई शिष्टचार गरी बोलिने  कुनै संवाद गराउने,<br>▪ सामूहिक खेल खेलाउने,<br>▪ मेलमिलापबाट हुने फाइदाहरूको बारेमा छलफल गर्ने । | ▪ न्वारनमा के - के गरिन्छ ?<br>▪ आफू भन्दा ठूला र सानासँग बोल्दा शिष्टाचारका शब्दहरू भन ।<br>▪ मेलमिलापबाट हुने फाइदाहरूके-के हुन ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| घ. चाडपर्व | ▪ स्थानीय चाडपर्वहरूमा गरिने मुख्य मुख्य क्रियाकलापहरू बताउन । | ▪ स्थानीय चाडपर्व (माघ, अँट्वारी, गुरिया,हरेरी, लवाङ्गी, ओल्के, गौरा, बिसु, लुतो फाल्ने आदि चाडपर्वका विशेषताहरू ) । | ▪ स्थानीय चाडपर्वका बारेमा बालबालिकाहरू बीच छलफल गर्ने गराउने,<br>▪ स्थानीय चाडपर्व ( माघ, अँट्वारी, गुरिया, लवाङ्गीं, ओल्के, गौरा, बिसु, आदि) बारे भन्ने र टिपोट गने,<br>▪ स्थानीय चाडपर्वको विशेषताबारे छलफल गराउने । | ▪ तिम्रो समुदायमा मनाउने चाडपर्वको नाम भन ।<br>▪ ओल्के पर्व कसरी मनाइन्छ ? | ४ |
| ङ. सांस्कृतिक सम्पदा | ▪ स्थानीय क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरूको परिचय दिन । | ▪ स्थानीय सांस्कृतिक सम्पदा (जस्तै बेहडा बाबा मन्दिर, शिवपुरीधाम, नैनादेवी, शिवमन्दिर,तुलसी मठ, विभिन्न चर्च,मस्जिद तथा गुम्बा आदि) । | ▪ स्थानीय सम्पदाको बारेमा बालबालिकाहरू बीच छलफल गराउने र टिपोट गर्ने,<br>▪ नजिकै रहेका सम्पदाहरूको स्थालगत अवलोकन | ▪ तिम्रो वरिपरि भएका मन्दिर तथा चर्च मस्जिद र गुम्बाहरूको नाम भन ।<br>▪ मन्दिर,मस्जिद, चर्च र गुम्बाहरू बीच के फरक हुन्छ ?<br>▪ तिमीहरू मन्दिर, | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | भ्रमण गराउने,<br>▪ विभिन्न सम्पदाको श्रव्यदृश्य सामग्री देखाएर चिन्न लगाउने,<br>▪ मन्दिर, चर्च आदिमा पूजाआराधना गरेको फोटोहरू देखाउने,<br>▪ धार्मिक स्थानहरूको महत्वबारे छलफल गराउने । | मस्जिद चर्च र गुम्बाहरूबाट के सिक्छौ ?<br>▪ "बेहडाबाबा" को परिचय देऊ ।<br>▪ शिवपुरीधामको छोटो परिचय देऊ । | |
| च. स्थानीय सङ्घ,संस्था | ▪ स्थानीय तहका सङ्घ संस्थाहरूको नाम र काम बताउन । | ▪ स्थानीयस्तरका सङ्घ, संस्थाहरू ( जस्तै, चरा संरक्षण सञ्जाल,पर्यटन बोर्ड, मुक्त कमैया सञ्जाल, रेडक्रस,स्काउट, घाइते तथा टुहुरा वन्यजन्तु पुर्नस्थापना केन्द्र, प्राकृतिक द्वन्द्व रूपान्तरण केन्द्र, सामुदायिक सिकाइ केन्द्र आदि),<br>▪ भलमन्सा, रेडक्रस र सामुदायिक सिकाइ केन्द्रका काम । | ▪ आफ्नो समुदायमा भएका सङ्घ,संस्थाहरूको बारेमा छलफल गर्न लगाउने,<br>▪ विभिन्न सङ्घ,संस्थाको बारेमा शिक्षकले बताई दिने,<br>▪ नजिकै रहेको कुनै सङ्घ संस्थामा | ▪ तिम्रो समुदायमा भएका संस्थाहरूको नाम भन ।<br>▪ घाइतेको उपचार र उद्धार कुन संस्थाले गर्छ ?<br>▪ प्रौढ शिक्षा दिने संस्था कुन हो ?<br>▪ भलमन्साले गाउँमा के -के काम गर्छन् ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | अवलोकन गर्न लगाउने,<br>▪ नजिकैको कुनै संस्थाको कार्य सम्बन्धमा छलफल गराउने ।<br>▪ भलमन्सा, रेडक्रस र सामुदायिक सिकाइ केन्द्रका कामको बुँदा टिपोट गराउने । | | |
| **२. मेरो स्थानीय भूगोल** | | | | | ४२ |
| क) हाम्रो भूगोल | ▪ धनगढी उप-महानगरपालिकाको अवस्थिति र सिमाना बताउन,<br>▪ उप-महानगरपालिकाको भौगोलिक स्वरुप बताउन र रेखाङ्कन गर्न,<br>▪ आफ्नो उप-महानगरपालिकाभि– | ▪ उप-महानगरपालिकाको नक्सा र भौगोलिक स्थिति देखाउने विवरण, सिमानामा पर्ने पालिकाहरूको नाम,<br>▪ उप-महानगरपालिकामा रहेका ताल, नदीहरू आदिबारे जानकारी,<br>▪ गाउँदेखि जिल्ला सदरमुकाम, र उप-महानगरपालिकको केन्द्रसम्मको दूरी,<br>▪ हावापानी र मौसमको विवरण । | ▪ धनगढी उप महारपालिकाको नक्सा देखाएर गाउँ बस्ती, भौगोलिक स्वरूप र भूभाग बारे छलफल गर्ने,<br>▪ नक्सामा प्रत्येक वडा चिन्न लगाउने,<br>▪ उप-महानगरपालिकाको | ▪ उप-महानगरपालिकाको नाम, आफू बसेको वडा र विद्यालय रहेको ठाउँको नाम लेख ।<br>▪ आफ्नो उप-महानगरपालिकाको क्षेत्रफल र सिमानामा पर्ने अन्य पालिकाको नाम भन । | १५ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | त्र रहेको गाउँ, ताल, मैदान, खोला, सड़क चिन्न र नाम भन्न,<br>▪ गाउँदेखि जिल्ला सदरमुकामसम्मको सडक र दूरी बताउन,<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसमको विवरण दिन । | | चारैतिर पर्ने सिमाना, अन्य पालिका, जिल्लाबारे छलफल गराउने,<br>▪ उप-महानगरपालिका र आफ्नो गाउँको नक्सा कोर्न लगाउने<br>▪ आफ्नो घर, विद्यालयबाट स्थानीय उप–महानगरपालिकको केन्द्र र जिल्ला सदरमुकाम जाने बाटो देखाउन दूरी अनुमान गर्न लगाउने,<br>▪ स्थानीय क्षेत्रको हावापानी र मौसमबारे छलफल गरी बताउन लगाउने । | ▪ धनगढी<br>▪ उप-महानगरपालिकाको भौगोलिक स्वरूप बारे भन ।<br>▪ जिल्ला सदरमुकामको नाम र गाउँबाट सदरमुकाम जोड्ने सडकको दूरी बताऊ ।<br>▪ आफ्नो उप-महानगरपालिकाको नक्सा कोरी आफू बसेको वडा देखाऊ ।<br>▪ धनगढी उप-महानगरपालिका क्षेत्रको हावापानी र मौसम कस्तो छ ? | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| ख) प्राकृतिक सम्पदा | ▪ वातावरणका तत्वहरूको परिचय दिन,<br>▪ स्थानीय नदी, ताल र पानीका अन्य स्रोतहरूको उपयोग बताउन,<br>▪ जखोरतालको सामान्य परिचय दिन,<br>▪ स्थानीय बोटविरुवाहरूको सूची बनाई वर्गीकरण गर्न ।<br>▪ सामुदायिक वनका फाइदा तथा महत्व भन्न,<br>▪ जडीबुटीहरूको उपयोग र महत्वको सूची बनाउन,<br>▪ स्थानीय वन्यजन्तुको महत्व बताउन,<br>▪ स्थानीय प्राकृतिक | ▪ वातावरणका तत्वहरूको परिचय,<br>▪ नदी र तालहरूको उपयोग जस्तैः- सिंचाइ, बिजुली निकाल्न, डुङ्गा चलाउन, माछा गोही जस्ता जन्तुको संरक्षण गर्ने, पर्यटन क्षेत्रको विकास आदि,<br>▪ जखोरतालको सामान्य परिचय ( नामकरण, अवस्थिति, आकार, क्षेत्रफल, गहिराइ, वनस्पति र जीवजन्तु),<br>▪ स्थानीय बोटविरुवाहरूको सूची र वर्गीकरण तालिका,<br>▪ सामुदायिक वनको परिचय र फाइदाहरू जस्तैः- काठ, दाउरा, स्याउला, जडीबुटी, पर्यटन, वातावरण संरक्षण, आर्थिक उपार्जन आदि),<br>▪ स्थानीय जडीबुटी (जस्तैः- तुलसी, नीम, कुरिलो, पुदिना, बोजो, कमल, गुर्जो, हर्रो, बर्रो, अमला, बेसार, हडचुरो, तीतेपाती, घोडताप्रे, खयर, जामुन, काँचो केरा, चरीअमिलो, पाखनबेद, पाँचऔंले, बिरेनुन, ज्वानो, | ▪ वातावरणका तत्वहरू हावा, पानी, माटो, वनस्पति, जीवजन्तु आदि बारे छलपल गर्ने,<br>▪ विद्यार्थीहरूलाई स्थानीय क्षेत्रको भ्रमण गराई त्यहाँ रहेका ताल, नदी आदिको सूची बनाई छलफल गर्ने,<br>▪ स्थानीय क्षेत्रमा रहेका नदी र तालका फाइदाबारे छलफल गर्ने<br>▪ शिक्षकले जखोर तालको परिचय प्रस्तुत गर्ने,<br>▪ स्थानीय गाउँ तथा जङ्गलवरपर अवलोकन भ्रमण गराइ | ▪ हावाबाट हुने फाइदा भन ।<br>▪ नदी र तालका फाइदाहरू लेख ।<br>▪ जखोर ताल कस्तो आकारको छ ?<br>▪ स्थानीय जङ्गलमा पाइने बोटबिरुवाहरूको सूची बनाई वर्गीकरण गर ।<br>▪ तिम्रो ठाउँमा रहेको सामुदायिक वनका फाइदा बताऊ ।<br>▪ स्थानीय जङ्गलमा पाइने जडीबुटीहरूको सूची बनाई तिनीहरूको उपयोग भन ।<br>▪ गाउँ नजिकको जङ्गलमा पाइने वन्यजन्तुको सूची बनाई महत्व बताऊ | २७ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | सम्पदाहरूको संरक्षणका उपायहरू बताउन र संरक्षणमा सहभागिता जनाउन,<br>■ विद्यालयमा बाल बगैँचाको निर्माण र संरक्षण गर्न । | मेथी, जाइफल, लसुन, पथ्थरचट्टा घ्युकमारी आदि ),<br>■ जडीबुटीको फाइदा जस्तैः- घाउ खटिरा निको पार्न, ज्वरो कम गर्न, रुघाखोकी कम गर्न, पखाला रोक्न, पथ्थरी हटाउन, हाड जोड्न आदि),<br>■ वन्यजन्तुहरू : बँदेल, बाघ, चितुवा, निल गाई, बाँदर, लोखर्के, न्याउरी, चित्तल, जरायो, खरायो, हात्ती आदिको सचित्र विवरण र महत्व जस्तैः-वातावरण सन्तुलन, पर्यटकीय क्षेत्रको विकास, राष्ट्रिय पहिचान आदि),<br>■ प्राकृतिक सम्पदाहरूको संरक्षण : वृक्षारोपण, बारबन्देज, पर्खाल, सरसफाइ, भू-क्षय, बाढीपहिरोबाट जगेर्ना र संरक्षण,<br>■ बाल बगैँचाको निर्माण र संरक्षण । | बोटविरुवाहरूको सूची निर्माण गरी रुख, बुट्यान र झारपातमा वर्गीकरण गर्न लगाउने,<br>■ विद्यार्थीहरूलाई उनीहरूको गाउँ नजिक रहेको सामुदायिक वनको नाम सोधी उनीहरूको परिवारले सामुदायिक वनबाट प्राप्त गरेका फाइदा सोध्ने,<br>■ शिक्षकले सामुदायिक वनको परिचय र फाइदा बताइदिने ।<br>■ स्थानीय गाउँ तथा जङ्गल वरपर अवलोकन भ्रमण | ।<br>■ प्राकृतिक सम्पदाहरूको संरक्षण किन गर्नु पर्छ ?<br>■ बालबगैँचा निर्माण र संरक्षणमा सहभागिताको अवलोकन । | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | गराई जडीबुटीहरूको पहिचान गरी सूची निर्माण गर्ने,चित्रहरू देखाउने र ती जडीबुटीहरूको उपयोगबारे बताउने,<br>▪ स्थानीय जङ्गलमा पाइने प्रमुख पशुपन्छीहरूको महत्वबारे स्थानीय विज्ञहरूको उपस्थितिमा विद्यार्थीहरूमाझ छलफल गराउने,<br>▪ स्थानीय क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरूको सूची बनाई तिनीहरूको महत्व र संरक्षणबारे छलफल गर्ने, | | |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | ▪ विद्यालयमा बाल बगैँचाको निर्माण र संरक्षण गर्न लगाउने । | | |
| **३. हाम्रो सीप, कला र प्रविधि** | | | | | **५०** |
| क) हाम्रो सीप तथा कला | ▪ परम्परागत मौलिक कला झल्किने सामग्रीहरू वर्गीकरण गर्न र प्रयोग बताउन । | ▪ बेतबाँसका सामगीहरू जस्तै : कुर्सी, डोको, पेटार,टेबल, मुडा, भकारी, पङ्खा, नाङ्लो, डालो,थुन्से, डिलिया आदि,<br>▪ काठबाट बनेका सामग्रीहरू जस्तै : पिर्का, टेबल, कुर्सी, हलो, जुवा, खराउ, आरी, चौका, बेलना, पलरा,चट्वा, डबला, मादल, तबला,सारङ्गी, हत्तासो, खाट,बाकस, दराज, खुर्पेटो, दाप आदि,<br>▪ माटाबाट बनेका सामग्रीहरू जस्तै : डेहरी, कुठ्ली, चुलो, टायल, ईटा, दियो, मकल, खुत्रुके आदि,<br>▪ ऊनबाट बनेका सामग्रीहरू जस्तै :स्वीटर, पन्जा, मोजा, टोपी, गलबन्दी,राडी, गलैंचा, कम्मल आदि, | ▪ उल्लिखित वस्तु, सामग्री, आकृति देखाई नाम भन्न लगाउने,<br>▪ ती वस्तुहरू कस कसको घर समुदायमा पाइन्छन् र तिनीहरूको प्रयोग के के मा, कसरी गरिन्छ भनी विद्याथीहरूसँग प्रश्नोत्तर गर्ने,<br>▪ उल्लिखित वस्तुहरू भएको ठाउँमा विद्यार्थीहरूलाई भ्रमण गराइ तिनीहरूको प्रयोग देखाउने, | ▪ माटोबाट बनेका स्थानीय सामग्री के - के हुन् ?<br>▪ तिम्रो घरमा बेतबाँस,ऊन र काठबाट बनेका कुन–कुन वस्तु छन् ? | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ पातबाट बनेका सामग्रीहरू<br>▪ परालबाट बनेका,<br>▪ कागजबाट बनेका आकृतिहरू जस्तै : फूल, डुङ्गा आदि । | ▪ ती वस्तुको निर्माण सामग्रीको आधारमा वर्गीकरण गर्न लगाउने । | | |
| ख) हाम्रो सिर्जना | ▪ माटोबाट विभिन्न सामग्रीहरू बनाउन र रङ भर्न,<br>▪ खेर जाने सामग्रीको प्रयोग गरी विभिन्न उपयोगी सामग्री निर्माण गर्ने अभ्यास गर्न,<br>▪ घरपरिवारमा खाइने विशेष परिकार पकाउने तरिका बताउन,<br>▪ स्थानीय गीतमा ताल मिलाइ नृत्य गर्न,<br>▪ स्थानीय बाजाहरू बजाउने अभ्यास गर्न । | ▪ माटोबाट बनेका विभिन्न वस्तुहरू जस्तैः- भाँडाहरू, चरा, फलफूल आदि,<br>▪ गमला, पङ्खा, बेर्री, रुमाल झोला, टोकरी, टोपी, डोरी माला, सजावट सामग्री, खेलौना, चकटी ..आदि ।<br>▪ ढिक्री,खँरिया, खिर, सिन्की(गुन्द्रुक), भुनेरोटी, डुब्का, बारा, मस्यौरा, फुलौरा, कसार, अनर्सा, चटनी, खिचडी, चाकु आदि,<br>▪ स्थानीय गीतहरू जस्तैः- देउडा, मागल, सखिया, झुमरा, होली गीत, भैली, देउसी, तीज आदि,<br>▪ स्थानीय नृत्य जस्तैः- देउडा, झुमा, मघौटा, मुङ्ग्रहुवा, सखिया, होली नाच आदि,<br>▪ स्थानीय बाजाहरू जस्तैः- मादल, बाँसुरी, दमाहा, डफ, सहनाई, ढोल, | ▪ माटोबाट विभिन्न सामग्रीहरू बनाई रङ भर्न लगाउने,<br>▪ खेर जाने सामग्रीहरूको प्रयोग गरी विभिन्न उपयोगी सामग्रीहरू निर्माण गर्ने अभ्यास गराउने,<br>▪ विशेष अवसरमा खाइने परिकार बनाउने तरिका बारे छलफल गर्ने,<br>▪ उल्लिखित परिकारहरू पकाउँदा आवश्यक सामग्री र पकाउने तरिका बारे विद्यार्थीलाई वर्णन | ▪ अवलोकन<br>▪ डुप्का बनाउने तरिका भन ।<br>▪ खँरिया बनाउन के के सामग्रीहरू चाहिन्छ ?<br>▪ स्थानीय बाजाहरू बजाउन लगाइ शिक्षकले अवलोकन गर्ने ।<br>▪ गीतअनुसार नृत्य अवलोकन गर्ने । | २० |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | डम्फु आदि । | गर्ने,<br>▪ स्थानीय गीत विद्यार्थीहरूलाई समूह र व्यक्तिगत रुपमा गाउन लगाउने,<br>▪ विद्यार्थीहरूलाई समूह र एकलरुपमा नाच्न अभ्यास गराउने,<br>▪ स्थानीय बाजा शिक्षक वा स्रोत शिक्षकले बजाउने र विद्यार्थीहरू लाई एकल वा समूहमा बजाउन लगाउने । | | |
| ग) हाम्रा खेलहरू | ▪ स्थानीय खेलहरूको पहिचान, प्रदर्शन र अभ्यास गर्न । | ▪ परम्परागत स्थानीय खेलहरू जस्तैः लुकामारी, कौरी नुकावर, भाँडाकुटी, गोली, एक्ठी खेल, घर बसावर, बोल बघुवा, घर सटावर, टाँरा चिरावर, छूर, रुमाल लुकाइ आदि । | ▪ शिक्षकले सम्बन्धित खेलको विधि बताउने,<br>▪ विधिअनुसार खेल खेल्न लगाउने । | ▪ परम्परागत स्थानीय खेलको नाम भन ?<br>▪ लुकामारी कसरी खेलिन्छ ? | १० |
| घ) सञ्चार प्रविधि | ▪ सिकाइमा मोबाइल र कम्प्युटरको प्रयोग | ▪ मोबाइल र कम्प्युटरको प्रयोग ( फोटो खिच्न, गीत र कविता सुन्न, | ▪ मोबाइल र कम्प्युटरको प्रयोग | ▪ अवलोकन,<br>▪ मोबाइल र | १६ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | गर्न । | भिडियो हेर्न, अक्षर लेख्न, चित्र बनाउन आदि),<br>▪ कम्प्युटरमा Notepad र Paint Application को सामान्य प्रयोग । | गरी फोटो खिच्न, गीत र कविता सुन्न, भिडियो हेर्न, अक्षर लेख्न, चित्र बनाउने अभ्यास गराउने,<br>▪ कम्प्युटरमा Notepad र Paint Application को सामान्य प्रयोग अभ्यास गराउने । | कम्प्युटरबाट के के काम गर्न सकिन्छ ? | |
| **४. हाम्रो स्थानीय पेसा र व्यवसाय ।** | | | | | **३६** |
| क) स्थानीय पेसा, व्यवसाय | ▪ स्थानीय पेसा व्यवसायको उदाहरणसहित परिचय दिन । | ▪ स्थानीयस्तरमा भएका पेसा व्यवसाय जस्तै : कृषि, व्यापार व्यवसाय, नोकरी, ज्यालादारी मजदूरी, वैदेशिक रोजगार आदि<br>▪ कृषिकार्य :जस्तै पशुपालन,माछापालन,मौरीपालन,फलफूल खेती,कौसी खेती,फूल खेती,जडीबुटी आदि,<br>▪ व्यापार व्यवसाय जस्तैः किराना पसल, हार्डवेयर पसल, होटेल आदि, | ▪ गाउँ घरमा अवलोकन गर्न लगाइ त्यहाँका मानिसले गर्ने पेसा, व्यवसायको जानकारी सङ्कलन गराउने,<br>▪ विभिन्न पेसा व्यवसाय झल्किने चित्र,श्रव्यदृश्य | ▪ स्थानीयपेसा, व्यवसायको उदाहरण सहित परिचय देऊ?<br>▪ तिम्रो गाउँघरमा गरिने विभिन्न कृषि कार्यहरूको सूची तयार गर । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | ▪ नोकरी जस्तै : शिक्षक, कर्मचारी, वकिल आदि । | सामग्री प्रदर्शन सहित छलफल गर्ने,<br>▪ विभिन्न पेसा व्यवसायसँग सम्बन्धित क्रियाकलापहरूको उदाहरण सहित चित्र,श्रव्य दृश्य सामग्रीको प्रस्तुती तथा छलफल गर्ने । | | |
| ख) स्थानीय आय आर्जन क्रियाकलाप | ▪ स्थानीयस्तरका आर्थिक क्रियाकलाप खोजी गर्न र बताउन । | ▪ स्थानीय स्तरका मानिसहरूले आय आर्जनका लागि गर्ने क्रियाकलाप जस्तै : खेतीपाती (अन्न बाली, तरकारी, फलफूल, फूल, आदि), पशुपालन (गाई, भैंसी, भेडा बाखा, बङ्गुर), पंक्षीपालन (कुखुरा, हाँस, परेवा, बट्टाइ, टर्की आदि), माछा, मौरीपालन, जडीबुटी, खेती, कौसी खेती, स्वःरोजगार, पसल व्यवसाय, व्यवसायिक तरकारी खेती आदि । | ▪ स्थानीय स्तरका मानिसहरूले आय आर्जनका लागि गर्ने क्रियाकलाप जस्तै : खेतीपाती (अन्न बाली, तरकारी,फलफूल,फूल, आदि), पशुपालन गाई, भैंसी, भेडा बाखा, बङ्गुर), पंक्षी ( | ▪ स्थानीय स्तरका आय आर्जनका क्रियाकलापहरूको सूची तयार गर । | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | कुखुरा, हाँस आदि), माछा, मौरीपालन, जडीबुटी, खेती, कौसीखेती, स्वःरोजगार,पसल व्यवसाय, व्यवसायिक तरकारी खेती आदिको छलफल,अवलोकन भ्रमण,चित्र, श्रव्यदृश्य सामग्रीको प्रदर्शन । | | |
| ग) बजार, हाटबजार, महोत्सव | ▪ आफ्नो उप-महानगरपालिकामा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोग गर्न | ▪ स्थानीय उत्पादनका वस्तुहरूको प्रयोग<br>▪ स्थानीय उत्पादनको बजारको जानकारी | ▪ स्थानीय गाउँमा उत्पादन भएका दैनिक रुपमा गाउँघरमा प्रयोग हुने सामाग्रीहरूको सूची बनाई प्रस्तुत गर्ने र छलफल गर्ने<br>▪ स्थानीय उत्पादनको प्रयोगको अवस्था र सम्भावना खोजी | ▪ स्थानीय गाउँघरका पसलमा बेच्न राखिएका सामानहरू मध्ये कुन-कुन सामानहरू गाउँमा नै उत्पादन भएका हुन् ?<br>▪ स्थानीय स्तरमा उत्पादन भएका वस्तुहरू कहाँ कहाँ | ४ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | गर्न लगाउने<br>■ स्थानीय उत्पादनको प्रयोगका महत्व बोध गराउने । | बेचिन्छन् ?<br>■ हामीले किन स्थानीय वस्तुहरू नै प्रयोग गर्नुपर्छ ? | |
| घ) पेसागत ज्ञान | ■ कृषिबाट हुने फाइदा बताउन,<br>■ करेसाबारीको परिचय दिन । | ■ कृषिका फाइदा (जस्तै :आम्दानी, ताजा अन्न, फलफूल, तरकारी, रोजगारी, कच्चा पदार्थको स्रोत आदि ),<br>■ करेसाबारीको परिचय (घरका वरिपरिको तरकारी खेती गर्ने जग्गा),<br>■ करेसाबारी निर्माण (जग्गा, घेरबार, मल, बीउ, पानी, औजार आदि) । | ■ कृषि पेसा हुने आर्थिक फाईदा, रोजगार आदि बारे छलफल गराउने,<br>■ करेसाबारीको अवलोकन भ्रमण,<br>■ चित्र, श्रव्यदृश्य प्रदर्शन । | ■ कृषि पेसाबाट स्थानीय मानिसलाई पुग्ने फाइदा बारे चर्चा गर ।<br>■ करेसाबारी बनाउन के -के चाहिन्छ ? | ८ |
| ङ) उद्योग व्यवसाय | ■ स्थानीय स्तरमा सञ्चालन भएका उद्योग व्यवसायको परिचय र महत्त्व बताउन,<br>■ कृषिमा आधारित उद्योगको परिचय दिन । | ■ स्थानीय स्तरमा सञ्चालन भएका उद्योग व्यवसायहरू जस्तै : मिल, ईटा भट्टा, किराना पसलहरू, होटल, होमस्टे आदि,<br>■ स्थानीय स्तरमा सञ्चालन भएका उद्योग व्यवसायको महत्व जस्तै : रोजगारी, स्थानीय उत्पादनको बजार, आम्दानी आदि,<br>■ कृषिमा आधारित उद्योग जस्तै : कुटानी पिसानी मिल, गुडमिल, हाटबजार, महोत्सव दुध डेरी आदि । | ■ स्थानीय स्तरमा सञ्चालन भएका पसल, उद्योग, मिल, ईटाभट्टा, होटल आदिको चित्र प्रदर्शन, अवलोकन भ्रमण, छलफल, प्रश्नोत्तर गराउने,<br>■ उद्योग व्यवसाय झल्किने श्रव्य दृश्य सामग्री प्रदर्शन गरी | ■ धनगढी<br>■ उप-महानगरपालिकामा भएका उद्योगहरूको सूची तयार गर ।<br>■ कृषिमा आधारित उद्योगहरूको महत्त्व उल्लेख गर । | ८ |

| क्षेत्र | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|
| | | | छलफल गर्ने,<br>▪ कृषिमा आधारित उद्योगहरू झल्किने चित्र, श्रव्यदृश्य सामग्री प्रदर्शन,छलफल अवलोकन, भ्रमण गराउने । | | |
| च) पर्यटन | ▪ धनगढी उप-महानगरपालिकामा भएका पर्यटकीय स्थलहरूको सूची तयार गर्न,<br>▪ स्थानीय पर्यटकीय स्थलहरूको परिचय दिन,<br>▪ पर्यटकीय स्थलको रूपमा शिवपुरीधामको महत्व बताउन । | ▪ स्थानीय पर्यटकीय स्थलहरू जस्तै : बेहडाबाबा, जखोर ताल, शिवपुरीधाम, दशरथ भीम उद्यान, कनरी पार्क, धनगढी सिटी हल आदि । | ▪ स्थानीय पर्यटकीय स्थलहरूको चित्र प्रदर्शन सहित छलफल,श्रव्यदृश्य सामग्रीको प्रदर्शन,<br>▪ जखोर ताल र बस्पती उद्यानको डकुमेन्ट्री प्रदर्शन गर्ने,<br>▪ स्थानीय पर्यटकीय स्थलहरूको अवलोकन भ्रमण गर्ने गराउने । | ▪ धनगढी उप-महानगरपालिकामा रहेका पर्यटकीय स्थलहरूको सूची तयार गर ।<br>▪ जखोर तालको परिचय देऊ ।<br>▪ पर्यटकीय स्थलको रूपमा जखोर तालको महत्व स्पष्ट पार । | ८ |

## ८. विषयवस्तुको क्षेत्र र क्रम : कक्षा ४-५

| क्षेत्र/एकाइ | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६ | ६.जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ▪ साईवर क्राईमको अर्थ र परिचय बताउन ।<br>▪ समाजमा असल नागरिक रहि सामजिक कार्यमा अग्रसरताको लागि पहल गर्न ।<br>▪ वडा र नगर स्तरमा हुने मेलमिलाप केन्द्रको काम र कर्तव्यबारे जानकारी दिन ।<br>▪ आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन गर्न<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्य<br>▪ जेष्ठ नागरिक प्रतिको दायित्व बोध गरी तदअनुरुपको व्यवहार गर्न । | ▪ साईवर क्राईमको अर्थ र परिचय<br>▪ वडा र नगर स्तरमा हुने मेलमिलाप केन्द्रको काम र कर्तव्य<br>▪ स्वमूल्याङ्कन<br>▪ परिवारिक र समाजिक जिम्मेवारी<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्य<br>▪ जेष्ठ नागरिक प्रतिको दायित्व | ▪ स्रोत व्यक्ति समेतको सहयोग लिई साईवर क्राईमको अर्थ र परिचय सम्बन्धमा कक्षामा प्रश्नोत्तर गराउने ।<br>▪ समाजमा असल नागरिक रहि सामजिक कार्यमा अग्रसरताको लागि योजना तयार पार्न लगाउनुहोस् ।<br>▪ वडा र नगर स्तरमा हुने मेलमिलाप केन्द्रका पदाधिकारीहरु सँगको सहयोगमा मेलमिलाप केन्द्रकको काम र कर्तव्यबारे जानकारी दिने ।<br>▪ विद्यार्थीहरुलाई आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गर्न लगाई आफ्नो जिन्दगीको लक्ष्य निर्धारण गर्न लगाउने ।<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्य शिर्षकमा वक्तृत्वकला प्रतियोगिता सन्चालन गर्न लगाउने ।<br>▪ जेष्ठ नागरिक प्रतिको दायित्व बोध गरी तदअनुरुपको व्यवहार गर्ने भूमिका अभिनय गर्न लगाउने । | ▪ साईवर क्राईमको अर्थ र परिचय बताउनुहोस् ।<br>▪ समाजमा असल नागरिकको पहिचान गर्ने उपायहरु के के हुन ?<br>▪ वडा र नगर स्तरमा हुने मेलमिलाप केन्द्रको काम र कर्तव्य उल्लेख गर्नुहोस् ।<br>▪ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्नुहोस्<br>▪ ट्राफिक व्यवस्थापन र नागरिक कर्तव्यको तुलना गर्नुहोस् ।<br>▪ जेष्ठ नागरिक प्रतिको दायित्व बोध गरी तदअनुरुपको व्यवहार गर्नु किन आवस्यक छ ? चर्चा गर्नुहोस् । | १५ |

| क्र.सं. | क्षेत्र/ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ७ | ७.हाम्रा स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ▪ उप महानगरपालिका क्षेत्र भित्रका कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्वको<br><br>१. जीवनी अध्ययन गर्न<br>२. महत्वपूर्ण योगदानको चर्चा गर्न<br>३. राष्ट्रिय योगदानको तुलना गर्न<br>४. जीवनशैली अनुशरण गर्न<br>५. लेखरचना अध्ययन गर्न ।<br>▪ उप महानगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण संघसंस्था हरुको पहिचान गर्न | ▪ उप महानगरपालिका क्षेत्र भित्रका कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्वको<br><br>१. जीवनी<br>२. महत्वपूर्ण योगदान<br>३. राष्ट्रिय योगदान<br>४. जीवनशैली<br>५. लेखरचना<br>▪ उप महानगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण संघसंस्था हरुको पहिचान गर्न | ▪ यस धनगढी उप महानगरपालिका क्षेत्र भित्रका ख्यातिप्राप्त कवि, लेखक, खेलाडी, सहिद, कलाकार, महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरुको जीवनी, उहाँहरुले समाजमा पुर्‍याउनु भएको महत्वपूर्ण योगदानहरु, राष्ट्रिय, अन्तरष्ट्रिय क्षेत्रमा गरेका योगदानहरु तथा जीवनशैलीका बारेमा विद्यार्थीहरुलाई कक्षामा शिक्षण गरि उहाँहरुको व्यत्तित्व सम्बन्धमा टिप्पणी गर्न लगाउने ।<br><br>▪ उहाँहरुका लेखरचना तथा उहाँहरु प्रति प्रकाशित समाचारहरुको अध्ययन गर्न लगाई समिक्षा गर्न लगाउने ।<br>▪ उप महानगरपालिका क्षेत्र<br>▪ भित्रका महत्वपूर्ण संघसंस्था हरुको स्थलगत भ्रमण गर्न लगाई तिनिहरुको सामाजिक योगदानबारे कक्षामा छलफल गर्न लगाउने । | १. ............को संक्षिप्त परिचय बताउनुहोस् ।<br><br>२. ................ को सामाजिक क्षेत्रमा पुर्‍याएको योगदानको चर्चा गर्नुहोस् ।<br><br>३. ......... संस्थाको स्थलगत अध्ययन पश्चात प्राप्त ज्ञानलाई कक्षामा साथहिरुलाई सुनाउनुहोस् । | १० |

## १०. सिकाइ सहजीकरण प्रक्रिया

सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान,रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोत साधन, वातावरणीय अवस्था इत्यादिलाई विचार गर्नुपर्दछ ।

प्रारम्भिक कक्षाहरूमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने,बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ ।

**स्थानीय पाठ्यक्रम सिकाइ सहजीकरण प्रक्रिया देहायबमोजिम सञ्चालन गर्नुपर्ने छ :**

क. सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिनुपर्ने छ ।

ख. विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य,क्षेत्रभ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्नुपर्ने छ ।

ग. सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्ने छ ।

घ. शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्ने छ ।

ङ. पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्नुपर्ने छ ।

च. सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउनुपर्ने छ ।

छ. भाषिक कठिनाइका कारण सिकाइमा बाधा नहुने सुनिश्चित गर्न यथासम्भव बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्नुपर्ने छ ।

ज. सिकाइ क्रियाकलापमा शिक्षक र सिकारुबीचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिनुपर्ने छ ।

झ. सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सीप विकास, व्यवहारकुशल सीप र सिकाइबीचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्नुपर्ने छ ।

ञ. बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग गर्नुपर्ने छ ।

ट. सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सक्रिय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फूर्त सिकाइमा जोड दिनुपर्छ ।

ठ. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू : विषयवस्तुको स्वरूप, बालमनोविज्ञान, स्रोत साधनहरूको उपलब्धता, विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति, समय र विद्यार्थी सङ्ख्या र शिक्षकको योग्यता, क्षमता आदि कुराहरूलाई ध्यान दिनुपर्छ ।

## ११. सम्भावित शिक्षण विधिहरू

क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-८ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणकारूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलापसञ्चालन गर्नुपर्दछ ।

१. कथाकथन एवम् गीत
२. आगमन विधि
३. भूमिका निर्वाह
४. निर्माणात्मक कक्षा
५. सहयोगात्मक कक्षा
६. परियोजना कार्य
७. छलफल र प्रश्नोत्तर
८. अन्वेषण, अनुसन्धान तथा खोज
९. प्रविधियुक्त कक्षा
१०. सिर्जनात्मक कार्य
११. समस्या समाधान
१२. खेल विधि
१३. प्रयोगात्मक विधि

१४. भ्रमण विधि
१५. प्रदर्शन
१६. स्वाध्ययन तथा छलफल
१७. अन्तरक्रिया
१८. उदाहरण र प्रयोग

## १२. विद्यार्थी मूल्याङकन प्रक्रिया

आधारभूत तहको कक्षा १–३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात् निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइमा सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्गप्रशस्त गर्नुपर्दछ भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्नु आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजनाकार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना वा निश्चित विषयवस्तु वा विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्य (Authentic task) समावेश गर्नु उपयुक्त हुने छ ।

**विद्यार्थी मूल्याङ्कनका लागि निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ :**

१. मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा कक्षा क्रियाकलापसँगै एकीकृत गरी सिकाइ सुधारमा निरन्तर प्रयोग गर्नुपर्छ ।
२. सिकाइ उपलब्धि र तिनको विस्तृतीकरण तयार गरी सोहीअनुसार सम्भाव्य मूल्याङ्कन विधि, प्रक्रिया र साधनको तयारी गर्नुपर्छ ।
३. दैनिक कक्षा क्रियाकलापसँगै विद्यार्थीको सिकाइको लेखाजोखा गरी सिकाइमा पछि परेका विद्यार्थीलाई सुधारात्मक सिकाइ प्रक्रिया अवलम्बन गर्न अभिभावकहरू सँग समेत पृष्ठपोषण लिई निर्धारित न्यूनतम् सिकाइ सुनिश्चित गरी सबै विद्यार्थीलाई थप सिकाइका लागि अवसर प्रदान गर्नुपर्छ ।
४. विद्यार्थीको सिकाइ स्तरको मूल्याङ्कन गर्दा मूलतः विद्यार्थीले विभिन्न सिकाइ क्षेत्रमा अपेक्षित सिकाइ उपलब्धि हासिल गरे वा नगरेको परीक्षण गर्नुपर्छ ।
५. विद्यार्थीको सिकाइको मूल्याङ्कनमा विषयकगत सिकाइ क्षेत्रमा अपेक्षित ज्ञान, बुझाइ, प्रयोग क्षमता परीक्षण गर्नका लगि उपयुक्त साधन तथा प्रक्रिया प्रयोग गर्नुपर्छ ।
६. मूल्याङ्कनका क्रममा आवश्यक व्यवहार कुशल सीपमा प्राप्तिमा विद्यार्थीको हासिल गरेका सक्षमताको पनि लेखाजोखा गरी आवश्यकतानुसार सिकाइ क्रियाकलापमा सुधार गर्नुपर्छ ।
७. मूल्याङ्कनपश्चात् कुनै विद्यार्थीले अपेक्षित नतिजा प्राप्त गर्न नसकेमा सुधारात्मक शिक्षण सिकाइको प्रक्रियाअनुरुप विद्यार्थीको सिकाइ सुधार गरी अपेक्षित सिकाइ सुनिश्चित गर्नुपर्छ । पटकपटकको सुधारात्मक शिक्षण सिकाइ प्रक्रियाबाट पनि न्यूनतम् सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीका उपचारात्मक शिक्षणको प्रबन्ध गर्नुपर्छ ।
८. मूल्याङ्कनको नतिजालाई विषयक्षेत्र तथा सिकाइ उपलब्धिअनुसार अभिलेखीकरण गर्नुपर्छ । विद्यार्थीको व्यक्तिगत फायल खडा गरी मूल्याङ्कनको नतिजाका साथै अन्य सान्दर्भिक विवरण सहितको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरेर राख्नुपर्छ ।
९. मूल्याङ्कन नतिजाको अभिलेखलाई विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्न, भावी सिकाइको योजना निर्माण गर्न र सिकाइ उपलब्धिको प्रगतिको अभिलेखका रूपमा विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकले आवश्यकतानुसार प्रयोग गर्नुपर्छ ।
१०. विद्यार्थीलाई स्वमूल्याङ्कन तथा प्रतिविम्बन गर्न र सिकाइ सुधारको आवश्यकता तथा उपाय पहिचान गर्न शिक्षक तथा अभिभावकले प्रेरित गर्नुपर्छ ।
११. विशेष आवश्यकता भएका बालबालिकाहरूको मूल्याङ्कनका लागि उनीहरूलाई उपयुक्त हुने गरी मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**मूल्याङ्कनका तरिका र साधन**

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृश्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री |
| ४ | परियोजना तथा | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| | प्रयोगात्मक कार्य | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी, छलफल | अवलोकन, रुजू सूची, श्रेणी मापन, फाराम |

**विषयक्षेत्र अनुसार अनुमानित कार्यघण्टा**

| क्र.सं. | विषयक्षेत्र | कार्यघण्टा | | |
|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| १ | म,मेरो परिवार र मेरो स्थानीय तह | ४० | ४० | ३२ |
| २ | मेरो स्थानीय भूगोल | ४५ | ४० | ४२ |
| ३ | हाम्रो स्थानीय सीप, सिर्जना र प्रविधि | ५० | ५० | ५० |
| ४ | हाम्रो स्थानीय पेसा र व्यवसाय । | २५ | ३० | ३६ |
| | **जम्मा** | **१६०** | **१६०** | **१६०** |

**सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य**

**कक्षा ४**

१. उप-महानगरपालिकाका वडागत महिला र पुरुषको विवरणको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।

२. आफूले मनाउने प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । (चाडपर्वको नाम, चाडपर्व परेको महिना र गते, उक्त चाडपर्वमा गरिने क्रियाकलाप आदि)

३. समूहगत रूपमा कार्य विभाजन गरी नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरिने क्रियाकलाप, महत्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको गाउँटोलमा पाइने हस्तकलाका सामग्री के-के छन्, सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगितासम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घरमा हस्तकलाबाट निर्माण गर्न सकिने विभिन्न सामग्री मध्ये अभिभावकको सहयोगमा कुनै एक हस्तकलाको सामग्री (डोक्नी, पैवा, भौका, जाल डोको, ढकिया) निर्माण गर्नुहोस् । उक्त सामग्री निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग तथा उपयोगिता आदिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा उक्त सामग्री प्रदर्शन गर्नुहोस् ।

६. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो उप-महानगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराचुरुङ्गीहरूको महत्व तथा संरक्षण गर्ने तरिका समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

७. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्काउनका लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के -कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. घर तथा विद्यालयबाट निस्कने फोहोरको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिका अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा स्नानघरबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु आदिको व्यवस्थापन गर्ने तरिका (आफू, आफ्नो परिवार, विद्यालय)लाई प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के-के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. समाजका असल व्यक्तिले गरेका कार्यको सूची तालिकामा तयार गर्नुहोस् । ती असल कार्य मध्ये आफूले गर्नसक्ने कार्य छनोट गरी कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा के-के पक्षमा सुधार भयो ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. वडाभित्र रहेका स्वास्थ्य संस्थामध्ये कुनै एक स्वास्थ्य संस्थाको बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवालाई समेट्नुहोस् ।

**कक्षा ५**

१. धनगढी उप-महानगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थान भर्नुहोस् :
(मोहना नदी जखोर ताल बेहेडा बाबा मन्दिर दशरथ भीम उद्यान भादा होम स्टे)

२. समूहगत/व्यक्तिगत रूपमा माघ/गौरा....... मेला सम्बन्धमा उक्त मेलाका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्-
(क) परिचय (ख) मेलामा गरिने क्रियाकलाप (ग) राम्रा पक्षहरू (घ) सुधार गर्नुपर्ने पक्षहरू

३. समूहगत रूपमा धनगढी उप-महानगरपालिकाभित्र पर्ने धनगढी ताल तथा सिमसार क्षेत्र र बेहडाबाबा मन्दिर...... आदिको अवलोकन भ्रमण गर्नुहोस् र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति (घिउकुमारी, अमला, तुलसी, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षारोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्त्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब तीन महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पति के-के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिका कम प्रयोग, पुनःप्रयोग र पुनःचक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपाय

अवलम्बन गर्दा के-के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. घर तथा विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतको पहिचान गरी के-के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न अपनाइएका पक्षलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. नगरभित्रका सहकारी वित्तीय सामाजिक स्वास्थ्य शैक्षिक संस्थाको भ्रमण गरी सो संस्थाको परिचय, स्थापनाको उद्देश्य, संस्थाले गर्दै आएका कार्य र भावी योजनासम्बन्धी विवरण सहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (ख) कक्षा ४–५ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन,

वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ४-५ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन

गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छ :

**शिक्षण विधि :** (अ) प्रयोगात्मक विधि (आ) अवलोकन विधि (इ) छलफल विधि (ई) समस्या समाधान विधि (उ) प्रदर्शन विधि (ऊ) क्षेत्र भ्रमण विधि (ऋ) प्रश्नोत्तर विधि (ए) घटना अध्ययन विधि

**शिक्षण तरिका तथा रणनीति :** (अ) मस्तिष्क मन्थन (आ) ग्यालरी हिडाइ (इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने (ई) केडब्लुएल चार्ट (उ) टी र एम चार्ट (ऊ) ग्राफिटी (ऋ) जिग्सअ (ए) घटना परस्पर शिक्षण

## विद्यार्थी मूल्याङ्कन (कक्षा ४–५)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ५ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरीनेछ । विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुबै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ ।

### (अ) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको

कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहनेछन् । |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
| | | **जम्मा** | **५०** |

**(आ) अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ ।

**सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य**

**कक्षा ६**

१. उप-महानगरपालिकाको नक्सा कोर्नुहोस् र उप-महानगरपालिकाभित्र रहेका मुख्य-मुख्य स्थानलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।

२. आफ्नो वडा कार्यालयमा भ्रमण गर्नुहोस् र वडा कार्यालयले प्रदान गर्ने समग्र सेवा तथा बालबालिका र युवाको लागि सेवा के-के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् । साथै बालबालिका तथा युवाको लागि प्रदान गर्ने विषयसँग सम्बन्धित अन्य सेवा भए ती सेवा प्रदान गर्ने सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्नुहोस् ।

३. थारू....... जातिले मनाउने चाडपर्व मध्ये कुनै एक चाडपर्वको बारेमा निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्- चाडपर्वको नाम, मनाउने तरिका, महत्त्व, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष ।

४. थारू.......... जातिले बजाउने स्थानीय लोकबाजा, गाउने गीत र नृत्यको एक-एक क्रियाकलाप गर्नुहोस् । यसबाट सिकिएका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५ . धनगढी उप-महानगरपालिकाभित्र सञ्चालित होमस्टेहरू मध्ये कुनै एकको भ्रमण गर्नुहोस् । उक्त होमस्टेको परिचय, गरिएका कार्यहरू तथा स्थानीय क्षेत्रमा भएको सकारात्मक परिवर्तनको बारेमा होमस्टे सञ्चालक वा जानकारसँग सोधखोज गर्नुहोस् र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. थारू........ जातिले निर्माण गर्ने परम्परागत हस्तकलाका सामग्रीमध्ये कुनै एक सामग्री निर्माण गर्नुहोस् । निर्माण गरिएका सामग्रीको नाम, निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण विधि (चित्रसहित चरण), निर्मित सामग्रीको उपयोगिता जस्ता पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दै प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।

७. स्थानीयस्तरमा भएको कुनै एउटा विपद्को अवलोकन गर्नुहोस् । सो विपद्ले पुऱ्याएको असर ( मानवीय, शैक्षिक, आर्थिक, भौतिकलगायत) को पहिचान गर्नुहोस् । उक्त विपद्लाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न के-के कार्य गर्न सकिन्छ ? प्रतिवेदन तयार गरी प्रस्तुत गर्नुहोस् ।

८. विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरीबाट उत्पादित बेर्नालाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनको लागि आवश्यक वस्तुको नियमित रूपमा प्रवाह गर्नुहोस् । करिब २/३ महिनामा ती बेर्नाको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरू र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रूपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रूपमा सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने कुरा (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्नुहोस् । ती आचरणको कार्यान्वयन गर्ने योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । कार्यान्वयन गर्दा तपाईंमा के-के आचरणको विकास भयो ? स्वमूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ७**

१. कैलाली जिल्लाको नक्सा कोर्नुहोस् र जिल्लाभित्र तथा आफ्नो उप-महानगरपालिकाभित्र रहेका मुख्य-मुख्य स्थानलाई नक्सामा सङ्केतमा देखाउनुहोस् ।

२. नगरपालिकाको कार्यालयमा भ्रमण गर्नुहोस् र नगरपालिकाले प्रदान गर्ने समग्र सेवाका साथै बालबालिका र युवाका लागि प्रदान गरिने सेवा के-के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार

गरेर कक्षामा प्रस्तुत गर्नुहोस् । साथै बालबालिका तथा युवाको लागि प्रदान गर्ने विषयसँग सम्बन्धित अन्य सेवाहरू भए ती सेवा प्रदान गर्ने सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्नुहोस् ।

३. थारु .......जातिको भाषा, भेषभूषा, चाडपर्व रीतिरिवाज, धर्म संस्कृति, गायन, बाजा र नृत्यसम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । यसरी विवरण तयार गर्दा उक्त समुदायका उल्लिखित पक्षमा भएका राम्रा र सुधारका पक्षलाई ध्यान दिनुहोस् ।

४. जखोर ताल, तिल्के ताल, बेहडाबाबा आदि कुनै एक स्थानको भ्रमण गर्नुहोस् । ती स्थानको परिचय, अवलोकन गर्दा पाइएका वस्तुको विवरण, महत्व, संरक्षणका उपाय लगायतका पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. स्थानीय परम्परागत हस्तकलाका सामग्री सुपो, छिटनी, बेर्री आदि मध्ये कुनै एउटा सामग्री निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दा निर्माण गरिएको सामग्रीको नाम, उक्त सामग्री बनाउन चाहिने कच्चा पदार्थहरू, बनाउने विधि, सामग्रीको उपयोगिता आदिलाई समेट्नुहोस् ।

६. जैविक/गँड्यौला मल बनाउने विधिअनुसार घरमा जैविक/गँड्यौला मल बनाउनुहोस् र विद्यालयमा जैविक/गँड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको जैविक/गँड्यौला मललाई प्रयोग गर्ने विधिअनुसार तरकारी खेती, पुष्प खेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

७. घर तथा विद्यालयमा करेसाबारी/बगैंचा निर्माण गरी वा कौसी वा बरण्डा वा गमलामा तरकारी खेती/पुष्प खेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरू, तिनीहरूको उपयोग, भएको फाइदासम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. असल नागरिक हुन आवश्यक सीपको विवरण तयार गर्नुहोस् । ती सीपको कार्यान्वयनका लागि योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा तपाईं स्वयम्मा के कस्ता र व्यवहार परिवर्तन भए ? यसबाट तपाईंले के-के कुरा सिक्नुभयो ? प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

**कक्षा ८**

१. आफ्नो प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, उप-महानगरपालिका तथा मुख्य मुख्य घटनाको अवस्थितिलाई सङ्केतमा देखाउनुहोस् ।

२. अग्रज तथा जानकार व्यक्तिसँग सोधखोज गरी परम्परागत सङ्गठन प्रणाली (बरघर/मुखिया )को परिचय, काम, महत्त्व र प्रवर्द्धनका उपायको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

३. कमलरी, बालीघरे, कमैया प्रथाको विद्यमान अवस्था पहिचान गर्नुहोस् । यस्ता सामाजिक समस्या समाधानको लागि गरिएका प्रयास, भावी दिनमा गर्नुपर्ने कार्यको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. समूहगत रूपमा ब्राह्मण क्षेत्रीको संस्कार र संस्कृतिको बारेमा सोधखोज गर्नुहोस् । उक्त समुदायको संस्कार र संस्कृतिमा भएका असल अभ्यास तथा सुधारका पक्षलाई समेटी प्रतिवेदन तयार गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

५ कक्षा ८ ले हाम्रा परम्परागत पेसा र व्यवसायको सम्भावना तथा चुनौती विषयमा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप अन्तर्गत वक्तृत्वकला कार्यक्रम सञ्चालन गर्नुहोस् । यस कार्यक्रममा कुन-कुन विद्यार्थीले कुन–कुन पक्षमा जोड दिए ? सोको विवरण र यस कार्यक्रमबाट भएको सिकाइलाई समेटी समूहगत रूपमा प्रतिवेदन तयार गर्नुहोस् ।

६. समूहगत रूपमा विभाजन हुनुहोस् । स्थानीयस्तरमा हालसम्म भएका विपद्को पहिचान गर्नुहोस् । ती विपद्बाट भएको (शैक्षिक, भौतिक, मानवीय, आर्थिक वा अन्य)को विवरण तयार गर्नुहोस् । आगामी दिनमा त्यस्ता विपद् सिर्जना नहुनका लागि गर्न सकिने उपायलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

७. घरायसी तथा विद्यालयबाट निस्कने ठोस फोहोरको प्रयोग गरी बिन र पिट कम्पोष्टिङ् विधिबाट मल बनाउनुहोस् । आवश्यकता अनुसार तयारी मललाई तरकारी खेती, पुष्प खेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभव समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

८. हरित विद्यालय निर्माणको लागि इको क्लबको गठन गर्नुहोस् । आवश्यकताअनुसार हरित विद्यालय निर्माणअन्तर्गतका पक्ष (ऊर्जा, पानी, सरसफाइ, फोहोरमैला, सिकाइ व्यवस्थापन, हरियाली प्रवर्द्धन आदि)को प्रभावकारी कार्यान्वयन गर्नको लागि उपसमिति समेत गठन गर्नुहोस् । उक्त उपसमितिले गरेका कार्य र प्राप्त उपलब्धिलाई समेटी प्रतिवेदन तयार गरी विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।

९. सामाजिक सञ्जालको दुरूपयोग, यसका प्रभाव र बच्ने उपायहरू शीषर्कमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

१०. आफ्नो नजिकको सामुदायिक वनमा स्थलगत रुपमा अवलोकन गरी यसको आवश्यकता, महत्व र संरक्षणका उपाहरूबारे प्रतिवदन तयार गर्नुहोस् ।

## सिकाइ सहजीकरण विधि र प्रक्रिया

## (ख) कक्षा ६–८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफलकेन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट

गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ६-८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छ :

**शिक्षण विधि :** (अ) प्रयोगात्मक विधि (आ) अवलोकन विधि (इ) छलफल विधि (ई) समस्या समाधान विधि (उ) प्रदर्शन विधि (ऊ) क्षेत्रभ्रमण विधि (ऋ) प्रश्नोत्तर विधि (ए) घटना अध्ययन विधि

**शिक्षण तरिका तथा रणनीति :** (अ) मस्तिष्क मन्थन (आ) ग्यालरी हिडाइ (इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने (ई) केडब्लुएल चार्ट (उ) टी र एम चार्ट (ऊ) ग्राफिटी (ऋ) जिग्स (ए) घटना परस्पर शिक्षण

## विद्यार्थी मूल्याङ्कन

## विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

## विद्यार्थी मूल्याङ्कन (कक्षा ६–८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक

मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ६ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरिनेछ । विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुबै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ ।

### (अ) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि.नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहने छन् । |
| २ | प्रयोगात्मक/परियो - जना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
| | | **जम्मा** | **५०** |

### (आ) अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नलिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहाँ कक्षा ८ को विशिष्टीकरण तालिका बनाइएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले अन्य कक्षा (कक्षा, ६ र ७)को विशिष्टीकरण तालिका बनाइ प्रयोग गर्न सक्ने छन् ।

## विशिष्टीकरण तालिका

कक्षा ८ विषय : स्थानीय विषय

पूर्णाङ्क : ५० समय : १ घण्टा ३० मिनेट

**प्रश्न योजना तथा अङ्कभार वितरण**

| एकाइ | क्षेत्र/ एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति ओटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | १. हाम्रो स्थानीय तह, जिल्ला र प्रदेश | २० | ८ | १ | | | १ | | १ | | | | | १ | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | २. हाम्रो स्थानीय संस्कार, संस्कृति र परम्परा | ३० | ११ | १ | १ | | | १ | | | १ | | | | १ | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ३ | ३. हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | २० | ८ | १ | | | | | १ | १ | १ | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | ४.हाम्रो स्वास्थ्य, पोषण सरसफाइ र सुरक्षा | ५ | २ | | | | | | | | १ | | | | | | | | २ | | | २ |
| ५ | ५. विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | २८ | ११ | १ | १ | | | १ | | | १ | | | | १ | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ६ | ६.जीवन उपयोगी | १५ | ६ | १ | | | | | | १ | | १ | | | | २ | | १ | २ | | ४ | ६ |

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | क्षेत्र/ एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति ओटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| | सीप र मानव मूल्यमा आधारित शिक्षा | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | ७.हाम्रा स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | १० | ४ | १ | | | | १ | | १ | | | | | | २ | १ | | २ | २ | | ४ |
| जम्मा | | १२८ | ५० | ६ | २ | ० | १ | ३ | २ | ३ | ४ | १ | ० | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

- प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहर र सबै एकाइको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ।
- अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ।